
# महाबु गाउँपालिका

# खानेपानी रणनिती २०७७-२०८७




## महाबु गाउँपालिका
## गैडावाज, दैलेख
## कर्णाली प्रदेश, नेपाल

## विषय सुची


**१ परिच्छेद १: खानेपानी रणनीतिको परिचय ........ ६**

१.१ परिचय ........ 6
१.२ परिकल्पना ........ 7
१.३ उदेश्य ........ 7
१.४ सिद्धान्त ........ 8
१.५ परिभाषा: खानेपानी सेवा स्तर ........ 8
१.६ खानेपानी सेवा स्तर सर्भेक्षण ........ 10

**२ परिच्छेद २: गाउँपालिकाको प्रोफाइल ........ १३**

२.१ गाउँपालिकाको सम्क्षिप्त परिचय ........ 13
२.२ गाउँपालिकाको भौगोलिक अवस्था ........ 13
२.२.१ भौगोलिक अवस्थिति ........ 13
२.२.२ क्षेत्रफ़ल ........ 14
२.२.३ वर्तमान भूउपयोग ........ 14
२.२.४ नदि, खोला तथा ताल तलैया ........ 15
२.२.५ जलवायु तथा जलवायु परिवर्तनको जोखिम ........ 15
२.३ गाउँपालिकाको जनसंख्या बनौट ........ 18
२.३.१ वडा अनुसार घरधुरी तथा जनसख्या ........ 18
२.३.२ उमेर तथा लिङ्ग समूह अनुसार जनसख्या ........ 18
२.३.३ जातजातिका आधारमा जनसख्या ........ 19
२.३.४ अपांगताका आधारमा जनसख्या ........ 20
२.४ गाउँपालिकाको मुख्य भौतिक संरचना तथा सेवा अवस्था ........ 21
२.४.१ सडक संजालको अवस्था ........ 21
२.४.२ शैक्षिक संस्थाहरु ........ 22
२.४.३ स्वास्थ्य संस्थाहरु ........ 23
२.५ गाउँपालिकाका नागरिकहरुको आर्थिक अवस्था ........ 23
२.५.१ मुख्य व्यवसाय तथा व्यवसायिक मानव संसाधन ........ 24
२.५.२ गाउँपालिकाबाट निकासी हुने वस्तुहरु ........ 25
२.५.३ कृषि योग्य जमिन र सिंचाई सुबिधा ........ 26
२.५.४ बन क्षेत्र तथा व्यबस्थापन ........ 27
२.५.५ आर्थिक रुपले सक्रिय जनसंख्या ........ 27
२.५.६ विपन्नता स्तरीकरण ........ 28


०८१/०२/२०

२.६ खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था.......29
२.७ महाबु गाउँपालिकाको संगठनात्मक संरचना.......32
२.८ हाल गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरु.......34
३ परिच्छेद ३. खानेपानी अवस्थाको विस्लेषण.......३४
३.१ विद्यमान खानेपानी आयोजना.......34
३.२ खानेपानीको गुणस्तर परिक्षण.......35
३.३ खानेपानीको सेवास्तर विश्लेषण.......36
३.३.१ खानेपानीको गुणस्तर सेवास्तर.......36
३.३.२ खानेपानीको परिमाण सेवास्तर.......37
३.३.३ खानेपानीको पहुँच सेवास्तर.......37
३.३.४ खानेपानीको विश्वसनीयता सेवास्तर.......38
३.३.५ खानेपानीको समग्र सेवास्तर.......38
३.३.६ खानेपानीको समग्र सेवास्तर निम्न हुनुका कारणहरुको विश्लेषण.......39
३.३.७ अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था.......44
३.४ निर्माणाधीन खानेपानी आयोजनाहरु.......46
३.५ खानेपानी आयोजना नपुगेका बस्तिहरु.......46
३.६ खानेपानी आयोजनाको निर्माण अवस्था अनुसारको घरपरिवार संख्या विश्लेषण.......47
४ परिच्छेद ४: खानेपानी लक्ष्य, रणनीति र प्राथमिकता.......४८
५ परिच्छेद ५: कार्यान्वयन रणनीति.......५१
६ परिच्छेद ६: संस्थागत संरचना तथा विस्तार.......५४
७ परिच्छेद ७: कार्य योजना तथा बजेट प्रक्षेपण.......५६
७.१ गाउँपालिकाको आयश्रोत तथा आय अनुमान.......56
७.२ गाउँपालिकाको क्षेत्रगत बजेट.......56
७.३ खानेपानी रणनीतिक कार्य योजना सन् २०२१-२०३०.......57
७.४ खानेपानी रणनीति सन् २०२१-२०३० बजेट प्रक्षेपण.......66
७.५ श्रोत परिचालन रणनीति.......67
८ परिच्छेद ८: अनुगमन र समिक्षा.......६८

## अनुसूचीहरु:

अनुसूची १: खानेपानी रणनीतिक कार्ययोजना अनुसारका आयोजनाहरुको सुची

अनुसूची २: निर्माणाधीन खानेपानी आयोजनाहरुको सुची

अनुसूची ३: खानेपानी आयोजना पुग्न नसकेका वस्तीहरुको सुची

## तालिकाहरु

तालिका नं. १: खानेपानी सेवा स्तर विश्लेषणमा प्रयोग भएका खानेपानी सेवास्तर सूचक तथा उपसूचकहरु........10
तालिका नं. २: खानेपानी रणनीति कार्यान्वयन गर्दा प्रयोग हुने समावेशी खानेपानी सेवास्तर सूचकहरु........12
तालिका नं ३: महाबु गाउँपालिकाको वडागत क्षेत्रफल् विवरण........14
तालिका नं ४: महाबु गाउँपालिकाको भू-उपयोग अवस्था........14
तालिका नं. ५: दैलेख जिल्लाका कर्णाली उपजलाधार क्षेत्रको सहभागितात्मक मौसमी पात्रो........16
तालिका नं ६: प्रकोपबाट भएको क्षति सम्बन्धि विवरण........18
तालिका नं ७: वडाअनुसारको जनसाङ्खिकीय विवरण........18
तालिका नं ८: उमेर तथा लिङ्ग अनुसार महाबु गाउँपालिकाको जनसंख्या बिबरण........19
तालिका नं ९: जातजातिको आधारमा जनसंख्या विवरण........19
तालिका नं १०: भिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको विवरण........20
तालिका नं ११: सडक संजालको विद्यमान अबस्थाको विवरण........21
तालिका नं १२: निर्माणाधीन गाउँपालिका स्तरीय सडक संजालको विवरण........22
तालिका नं १३: शैक्षिक संस्थाहरुको विवरण........22
तालिका नं १४: गाउँ पालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण........23
तालिका नं १५: प्राविधिक सीपयुक्त तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण........24
तालिका नं १६: गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुहरुको विवरण........25
तालिका नं १७: वडा अनुसार घरपरिवारले खेति गरेको जग्गा र सिंचित क्षेत्रफल्........26
तालिका नं १८: गाउँपालिकामा रहेको बन क्षेत्र तथा ब्यबस्थापन विवरण........27
तालिका नं १९: लिंग अनुसार बैदेशिक रोजगारीमा गएका जनसंख्या विवरण........28
तालिका नं २०: वडा अनुसार विपन्नता स्तरीकरण........28
तालिका नं २१: महाबु गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरुको विवरण........34
तालिका नं २२: खानेपानी आयोजना संख्या र सेवा वितरण........35
तालिका नं २३: धारा जडानको प्रकार अनुसार विद्यमान पाइपलाइन आयोजनाबाट सेवा %........35
तालिका नं २४: हाल संचालनमा रहेका खानेपानी आयोजनाबाट वितरित धाराको पानीमा इ-कोलाई परिक्षणको नतिजा........36
तालिका नं २५: महाबु गाउँपालिकामा खानेपानीको गुणस्तर सेवास्तर अवस्था........36
तालिका नं २६: महाबु गाउँपालिकामा खानेपानीको परिमाण सेवास्तर अवस्था........37
तालिका नं २७: महाबु गाउँ पालिकामा खानेपानीको पहुँच सेवास्तर अवस्था........37
तालिका नं २८: महाबु गाउँपालिकामा खानेपानीको विश्वसनीयता सेवास्तर अवस्था........38
तालिका नं २९: महाबु गाउँ पालिकामा खानेपानीको समग्र सेवास्तर अवस्था........38
तालिका नं ३०: आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (घरपरिवार संख्या)........39
तालिका नं ३१: आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवा स्तर र समस्टिगत सेवास्तर अवस्था (घरपरिवार %)........39
तालिका नं ३२: आयोजनाका घरपरिवारहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु........40

तालिका नं ३३: स्वास्थ्य संस्थाहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (स्वास्थ्य संस्था संख्या) ........ 41
तालिका नं ३४: स्वास्थ्य संस्थाहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (स्वास्थ्य संस्था%) ........ 41
तालिका नं ३५: स्वास्थ्य संस्थामा खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्नस्तर हुनुका कारणहरु ........ 42
तालिका नं ३६: विद्यालयहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (विद्यालय संख्या) ........ 43
तालिका नं ३७: विद्यालयहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (विद्यालय%) ........ 43
तालिका नं ३८: विद्यालयहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु ........ 44
तालिका नं ३९: एस एन भी नेपालको सर्भेक्षण अनुसार महाबु गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको विवरण ........ 44
तालिका नं ४०: अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था विवरण ........ 45
तालिका नं ४१: लिङ्ग अनुसार अपांगता भएका व्यक्तिहरुको विवरण ........ 45
तालिका नं ४२: १० देखि ५० वर्ष उमेरका अपांगता भएका महिलाहरुको विवरण ........ 45
तालिका नं ४३: हाल खानेपानी आयोजना नभएका बस्तिहरुको विवरण ........ 46
तालिका नं ४४: पाइपलाईन खानेपानी आयोजना नपुगेका बस्तिहरुमा जातजाति अनुसार घरपरिवार संख्या ........ 47
तालिका नं ४५: महाबु गाउँपालिकामा आयोजनाको निर्माण अवस्था अनुसार घरपरिवार संख्या, स्वास्थ्य संस्था संख्या र विद्यालय संख्या विवरण ........ 48
तालिका नं ४६: महाबु गाउँपालिकाको आयश्रोत र आय अनुमान आ.व. २०७७/७८ ........ 56
तालिका नं ४७: गाउँपालिकाको वार्षित क्षेत्रगत बजेट अनुमान आ. व. २०७७/७८ ........ 57
तालिका नं ४८: महाबु गाउँपालिकाको खानेपानी रणनीतिक कार्ययोजना तथा लगानी अनुमान ........ 59
तालिका नं ४९: महाबु गाउँपालिकाको खानेपानी रणनीति सन् २०२१-२०३० कार्यान्वयन गर्न लाग्ने बार्षिक लागत प्रक्षेपण ........ 66
तालिका नं ५०: खानेपानी रणनीति कार्यन्वयन अनुगमन तथा समिक्षा तालिका ........ 69

## चित्रहरु

चित्र नं. १ दैलेखको विगत ३० वर्षको जलवायु प्रवृत्ति ........ 15
चित्र नं. २ विगत ३० वर्षको तापक्रम वृद्धि तथा वर्षाको प्रवृत्ति ........ 16
चित्र नं. ३ महाबु गाउँपालिकाको संगठनात्मक ढांचा ........ 32

# परिभाषा

**खानेपानी रणनीति** भन्नाले महाबु गाउँपालिकाको "खानेपानी रणनीति २०७७-२०८७ (सन् २०२१-२०३०)" लाई सम्झनु पर्दछ।

**एस.डी.जी.** भन्नाले संयुक्त राष्ट्र संघको "दिगो विकास लक्ष्य सन् २०१६-२०३०" लाई सम्झनु पर्दछ।

**एस.डी.पी.** भन्नाले नेपाल सरकार, खानेपानी मन्त्रालयको "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ।

**नेपाल रोडम्याप** भन्नाले नेपाल सरकार, राष्ट्रिय योजना आयोगको "नेपाल: दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ।

**खानेपानी सेवा प्रदायक** भन्नाले खानेपानी आयोजना संचालन ब्यबस्थापन गर्ने उदेश्यले स्थापना भई सरकारमा दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्था वा उपभोक्ता समूह वा निजि उद्योग वा नागरिक समाज वा समूह वा व्यक्तिहरुलाई सम्झनु पर्दछ। हाल नेपालमा खानेपानी आयोजना संचालन ब्यबस्थापनको भूमिका गर्दै आएका नेपाल खानेपानी संस्थान, खानेपानी उपभोक्ता समिति, निजि उद्योग, खानेपानी स्व-सेवा गर्ने ससाना उपभोक्ता समूह वा परिवार, आदि समेत खानेपानी सेवा प्रदायक अन्तर्गत पर्दछन।

**खानेपानी सेवास्तर** भन्नाले खानेपानी आयोजनाहरुले उपभोक्ता घरपरिवारहरुलाई उपलब्ध गराएको खानेपानीको चार तहको सेवास्तरहरु उच्च सेवास्तर, मध्यम सेवास्तर, आधारभूत सेवास्तर र निम्न सेवास्तर लाई बुझ्नु पर्दछ। खानेपानी सेवास्तर सूचकहरु परिमाण, गुणस्तर, पहुच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सेवास्तर निर्धारण हुन्छ। यी चार वटा सेवा सूचकहरुको समग्र सेवास्तरलाई खानेपानी सेवा स्तर भन्ने बुझ्नु पर्दछ। अर्थात् खानेपानी सेवास्तर भन्नाले यस खानेपानी रणनीतिमा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको खानेपानी सेवास्तर भन्ने बुझ्नु पर्दछ।

**गाविस** भन्नाले साबिक गाउँ विकास समितिलाई सम्झनु पर्दछ।

# १ परिच्छेद १: खानेपानी रणनीतिको परिचय

## १.१ परिचय

संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य सन् २०१६-२०३० (छोटकरीमा "एस.डी.जी.") ले सन् २०३० (अर्थात् वि.सं. २०८७) सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानता मूलक पहुँच हासिल गर्ने लक्ष्य लिएको छ (लक्ष्य: ६.१)। यसको आधारमा नेपाल सरकार राष्ट्रिय योजना आयोगले नेपाल: दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७ (छोटकरीमा " नेपाल रोडम्याप") तयार गरेको छ | जस अनुसार निम्न परिमाणात्मक लक्ष्यहरु लिएको छ |

| परिणात्मक लक्ष्यहरू र सूचकहरू | | सन् २०३० |
|---|---|---|
| १ | सुरक्षित खानेपानी प्रयोग गर्ने जनसँख्या प्रतिशत | ९० |
| २ | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार प्रतिशत | ९० |
| ३ | आधारभूत खानेपानी सेवामा पहुँच परिवार प्रतिशत | ९९ |
| ४ | घरपरिवारले प्रयोग गर्ने खानेपानीमा ई-कोलाइ जोखिमस्तर (प्रति १०० मिलि लिटर स्याम्पल पानीमा १ सी.एफ.यु. वा बढी भएको) परिवार प्रतिशत | १ |
| ५ | धाराको पानीमा ई-कोलाइ जोखिमस्तर (प्रति १०० मिलि लिटर स्याम्पल पानीमा १ सीएफयू वा बढी भएको) परिवार प्रतिशत | १ |

एस.डी.जी. र नेपाल रोड्म्यापले लिएको लक्ष्य पुरा गर्नको लागि नेपाल सरकार खानेपानी मन्त्रालयले नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७ (छोटकरीमा "एस.डी.पी.") तयार गरेको छ | जसले खानेपानी आयोजनाका सेवास्तर तथा सूचकहरु बर्गिकरण गरि खानेपानी सेवा स्तरको अवस्था विश्लेषण गर्न तथा लक्ष्य हासिल गर्नको लागि थप स्पस्ट मार्ग निर्देशन गरेको छ (परिच्छेद १.५)|

स्थानीय सरकार संचालन ऐन २०७४ मा गाउँपालिकाले स्थानीय स्तरको बिकासको लागि आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा आवधिक, अल्पकालीन, मध्यकालीन, दिर्घकालिन क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरि लागु गर्ने व्यवस्था गरेको छ | यस ऐनले गाउँ पालिकालाई खानेपानीको ब्यबस्थापन तथा नियमन गर्ने निर्देशन गरे अनुसार यो खानेपानी रणनीति तयार गरिएको छ | यस खानेपानी रणनिती तयार गर्दा दिगो विकास लक्ष्य, नेपाल रोडम्याप, एस.डी.पी. लाई मुख्य रुपमा आधार बनाइएको छ |

२०७६/७७ मा यस गाउँ पालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुको सेवा स्तर सर्भेक्षण तथा खानेपानी गुणस्तर परिक्षणको तथ्यांक विश्लेषण गरि यो रणनीति तयार गरिएको छ | साथै यो रणनीति महाबु गाउँपालिकाको पार्श्वचित्र २०७४, आवधिक गाउँविकास योजना २०७६/७७-२०७७/८०, बार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट बिनियोजन, गाउँ पालिकाका ऐन, नियमावली तथा कार्यविधिहरुमा आधारित छ | यो रणनीति तर्जुमा गर्दा सहभागिता मुलक योजना तर्जुमा प्रक्रिया पद्धती बमोजिम गाउँ सभा तथा कार्य पालिकाका पदाधिकारी, कार्यालयका कर्मचारी, खानेपानी सेवा प्रदायकहरुको प्रतिनिधि, बिद्यालयका प्रतिनिधि, स्वास्थ्य संस्थाका

प्रतिनिधि, दलित संस्थाका प्रतिनिधि, अपांगता भएकाहरुको संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायहरुको सहभागितामा यो रणनीति तयार भएको हो |

सन् २०३० (वि.सं. २०८७) सम्ममा महाबु गाउँपालिकाको खानेपानीको दिगो विकास लक्ष्य पुरा गर्नको लागि यो रणनीति तयार गरेको हो | यस रणनितीले महाबु गाउँपालिका भित्रका घर परिवार, विद्यालय र स्वास्थ्य संस्थाहरु, महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, दलित, अल्पसंख्यक तथा पिछडिएका घर परिवारहरु सबैलाई खानेपानीको उच्च स्तरको सेवामा पहुच सन् २०३० सम्म सुनिस्चित गरेको छ | यस रणनीति कार्यान्वयन गर्नका लागि आयोजनाको प्राबिधिक सर्भेक्षण गरि वार्षिक बिस्तृत खानेपानी योजना तयार गरिनेछ | साथै गाउँपालिकाको खानेपानी तर्फको बार्षिक नीति तथा कार्यक्रम र बजेट बिनियोजन गर्नमा यस रणनीतिलाई आधार बनाइने छ | यस रणनीति कार्यान्वयनको बार्षिक मुल्यांकन तथा प्रगति समिक्षा गरि आगामी बर्षको खानेपानी विकास योजना तयार गरिनेछ |

## १.२ परिकल्पना

नेपालको संबिधान, एस.डी.जी., नेपाल रोडम्याप, एस.डी.पी., स्थानीय सरकार संचालन ऐन तथा अन्य नेपाल सरकारका नीति निर्देशिकाहरुको आधारमा यस महाबु गाउँ पालिकाले महिला, पुरुष, यौनिक अल्पसंख्यक, बाल बालिका, युवा, अपांगता भएका व्यक्ति, दलित, अल्पसंख्यक तथा पिछडिएका घर परिवारहरु सबैलाई सन् २०३० सम्ममा निजि धारा, चौबिसै घण्टा सुरक्षित् तथा पर्याप्त पानी सहितको उच्च स्तरको खानेपानीको सेवामा पहुच पुराउने परिकल्पना गरेको छ | साथै सबै घरपरिवार, विद्यालय, स्वास्थ्य संस्था, सार्बजनिक स्थलहरुमा सबै समयमा उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने परिकल्पना गरेको छ | उच्च स्तरको खानेपानी सेवाबाट कोहि पनि नछुट्ने यस रणनीतिले परिकल्पना गरेको छ |

## १.३ उदेश्य

यस रणनीतिका परिकल्पनाहरु हासिल गर्नका लागि देहाय अनुसारका खानेपानी सेवा विस्तारका उदेश्यहरु यस रणनीतिमा मुख्य रुपमा समाबेश गरिएको छ |

- हाल खानेपानी सेवा नपुगेकालाई पुराउने: हाल खानेपानीको सेवा पुग्न नसकेका घरपरिवार, स्वास्थ्य संस्था र बिद्यालयहरुलाई पहिलो प्राथमिकताका साथ खानेपानी सेवा पुराउने |
- खानेपानी सेवा स्तर वृद्धि गरि सबैलाई उच्च स्तरको सेवा उपलब्ध गराउने |
- खानेपानी आयोजनाको संचालन तथा मर्मत सम्भार ब्यबस्थापन गरि सबैलाई अटुट उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने |
- एक घर एक धारा: सबै घर परिवारलाई निजि धारा उपलब्ध गराउने |
- स्वास्थ्य संस्था, बिद्यालय र सार्बजनिक स्थलहरुमा धारा उपलब्ध गराउने |
- कोहि पनि छुट्ने छैन: खानेपानीको सेवा स्तर उन्नति गर्दा महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, अल्पसंख्यक, पिछडिएका वर्ग तथा व्यक्ति कोहि पनि छुट्ने छैन |

जंग बहादुर शाही
अध्यक्ष

## १.४ सिद्धान्त

महाबु गाउँ पालिकाका सबैलाई उच्च स्तरको खानेपानी सेवा पुराउने लक्ष हासिल गर्नेको लागि यस रणनीति कार्यान्वयन गर्दा निम्न सिद्धान्तहरु अबलम्बन गरिने छन् |

१. समाबेसी: खानेपानीको सेवा स्तर वृद्धि गर्ने कार्य गर्दा कोहि पनि ब्यक्ति वा वर्ग नछुट्ने गरि कार्यान्वयन गरिनेछ | देहाय अनुसारका व्यक्ति वा वर्गहरु नछुट्ने गरि यस्ता कार्यक्रमहरु कार्यान्वयन गरिनेछ |

- महिला, पुरुष, यौनिक अल्पसँख्यक, बालबालिका, खानेपानी सेवाबाट बन्चितमा परेका घरपरिवारहरु
- सबै जातीय र सबै धार्मिक समुदायहरु
- अपाङ्गता भएका व्यक्तिहरु
- बिपन्न आर्थिक स्तरका घरपरिवारहरु जो खानेपानी आयोजनाको सेवा स्तर उन्नति कार्यक्रममा आबस्यक औषत आर्थिक योगदान गर्न असक्षम् छन्
- अल्पसंख्यक, जोखिममा रहेका घरपरिवारहरु

२. पारदर्शी र सुशासन: यस रणनीति कार्यान्वियन गर्दा पारदर्शिता र सुशासनलाई अबलम्बन गरिनेछ |

३. दिगोपन र लचकता: यस रणनीति कार्यान्वियन गर्दा वातावरणीय, सामाजिक, प्राबिधिक, आर्थिक, संस्थागत दिगोपन तथा लचकता लाई विशेष ध्यान दिइने छ |

## १.५ परिभाषा: खानेपानी सेवा स्तर

नेपाल सरकार खानेपानी मन्त्रालयले तयार गरेको नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७ (एस.डी.पी.) ले खानेपानीको परिमाण, गुणस्तर, पहुँच, विश्वसनीयताको आधारमा खानेपानी आयोजनाको सेवा स्तर बर्गिकरण गरेको छ | यसरि खानेपानी आयोजनाले उपलब्ध गराएको सेवा स्तरलाई सुन्य सेवास्तर, निम्न सेवास्तर, आधारभूत सेवास्तर, मध्यम सेवास्तर र उच्च सेवास्तरमा बिभाजन गरिएको छ | एस.डी.पी. को मापदण्ड अनुसार खानेपानी आयोजनाको सेवास्तर सूचकहरुलाई निम्न अनुसार निर्धारण गरिएको छ |

**गुणस्तरको आधारमा खानेपानी सेवास्तर बर्गिकरण**

| सूचक | खानेपानी गुणस्तर सेवास्तर | | | |
|---|---|---|---|---|
| | निम्न | आधारभूत | मध्यम | उच्च |
| **गुणस्तर परिक्षण** | राष्ट्रिय गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्दैन वा परिक्षण गरेको छैन | राष्ट्रिय गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ |

जंग बहादुर शाही
अध्यक्ष

### परिमाणको आधारमा खानेपानी सेवास्तर बर्गिकरण

| सूचक | | खानेपानी परिमाण सेवास्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न | आधारभूत | मध्यम | उच्च |
| परिमाण | लि. प्र. व्य. प्र. दि. | २५-४५ | ४५-६५ | ६५-१०० | १००-१५० |
| | वा | | | | |
| | स्वच्छता | आधारभुत व्यक्तिगत र खाद्य स्वच्छता सम्भव नभएको (जब सम्म मुहानमै अभ्यास गरिँदैन) | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सम्भव हुने कपडा धुन र नुहाउन अपुग | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित भएको; कपडा धुन र नुहाउन पनि सुनिश्चित हुने | सबै स्वच्छताका आवश्यकता हरू पुरा हुने |

### पहुँचको आधारमा खानेपानी सेवास्तर बर्गिकरण

| सूचक | खानेपानी पहुच सेवास्तर | | | |
|---|---|---|---|---|
| | निम्न | आधारभूत | मध्यम | उच्च |
| पहुँच (Accessibility) | २५% भन्दा कम उपभोक्ताले निजी धारा जडान गरेको | २५% भन्दा बढी उपभोक्ताले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको |

### विश्वसनीयताको आधारमा खानेपानी सेवास्तर वर्गीकरण

| सूचक | | खानेपानी विश्वसनीयता सेवास्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न | आधारभूत | मध्यम | उच्च |
| विश्वसनीयता (Reliability) (सबै उपसुचकहरु पुरा हुनु पर्ने) | वितरण अवधि (घण्टा प्रति दिन) | ८ घण्टा भन्दा कम | ८ घण्टा (अधिक माग समयमा) | १२ घण्टा (दिनको समयमा) | २४ घण्टा (चौबीसै घण्टा) |
| | निरन्तरता | एक महिनामा एक पटक भन्दा बढी रुकावट हुने | एक महिनामा एक पटक सम्म रोकावट हुने | तीन महिनामा एक पटक सम्म रोकावट हुने | १२ महिनामा एक पटक सम्म रोकावट हुने |
| | लचकता | अवरुद्ध सेवा २ दिनमा सुचारु नहुने | अवरुद्ध सेवा २ दिनमा सुचारु हुने | अवरुद्ध सेवा १ दिनमा सुचारु हुने | अवरुद्ध सेवा १ दिनमा सुचारु हुने |

## १.६ खानेपानी सेवा स्तर सर्भेक्षण

एस.एन.भी. नेपालको सहयोगमा ठाटीकाँध गाउँपालिकामा खानेपानीको सेवा स्तर सर्भेक्षण भएको हो। यो सर्भेक्षण यस सर्भेक्षणको लागि प्रश्नावलीहरु एक्वोफ्लो मोबाइल यापको प्रयोग गरि यस गाउँपालिकाका सबै विद्यमान खानेपानी आयोजनाहरुको सबै धाराहरुको तथ्यांक संकलन गरिएको छ। यो सर्भेक्षण पौष २०७६ देखि आश्विन २०७७ सम्म गरिएको थियो। यस सर्वेक्षणमा सबै संचालित खानेपानी आयोजनाका सबै धाराहरुको खानेपानी सेवा स्तरका सूचक तथा उप सूचक हरुको तथ्यांक संकलन भएको छ। साथै संचालनमा रहेका सबै धाराहरुको जी.पी.एस. स्थिति रेकर्ड भएको छ। यस सर्वेक्षणमा सेम्पल धाराको पानीको इ-कोलाई परिक्षण गरिएको छ। एउटा खानेपानी आयोजनाको १ देखि ३ वटा धाराको पानी परिक्षण गरिएको छ। पानी गुणस्तर परिक्षणको लागि सेम्पल धाराको छनौट गर्दा सबैभन्दा बढी प्रदुषण हुन सक्ने सम्भावना भएको धारालाई छनौट गरिएको छ। आयोजनाको पानी संकलन टंकीबाट सबैभन्दा टाढाको धारा अर्थात् वितरण पाइपलाइनको सबैभन्दा पुछारको धाराको पानीमा सबैभन्दा बढी प्रदुषण हुने सम्भावना भएकोले प्रत्येक आयोजनाको सबैभन्दा भन्दा लामो वितरण लाइन भएको धाराको पानीको सेम्पल गुणस्तर परिक्षणको लागि लिइएको छ। यदि यस्तो पुछारको धाराको वितरण पाइपलाइनको लम्बाई ५ कि.मी. भन्दा लामो भएमा वा फरक मुख्य वितरण प्राइपलाइन शाखा भएमा वा पानी संकलन टंकी फरक भएमा एक आयोजनामा १ भन्दा बढी सेम्पल लिईएको छ। यस्ता धाराहरुको पानीको सेम्पल संकलन गरेर ६ घण्टा भित्रमा नजिकमा राखिएको पानी परिक्षण प्रयोगशालामा लगि परिक्षण गरिएको छ। सम्बन्धित वडामा वा नजिकको नियमित विद्युत पावर उपलब्ध हुने स्थानमा पानी परिक्षण प्रयोगशाला स्थापना गरि हाइजियना पानी गुणस्तर परिक्षण किटको प्रयोग गरि धाराको पानीमा इ-कोलाई परिक्षण गरिएको छ। यसरि हाइजियना पोर्टेबल किटको प्रयोगबाट धाराको पानीको गुणस्तर परिक्षण गरि इ-कोलाई सी.एफ.यु. को संख्या प्रति १०० मि.लि. सेम्पल पानीमा गणना छ।

**यस रणनीति तर्जुमा गर्दा प्रयोग भएका खानेपानी सेवास्तरका सूचक तथा उपसूचकहरु**

यस रणनीति तर्जुमा गर्दा खानेपानी सेवा स्तर र सूचकहरु निर्धारण तथा विश्लेषण निम्न तालिकामा उल्लेख भए अनुसार गरिएको छ जुन मुख्य रुपमा एस.डी.पी ले परिभाषित गरेको खानेपानी सेवा स्तर सूचकमा आधारित छ।

तालिका नं. १: खानेपानी सेवा स्तर विश्लेषणमा प्रयोग भएका खानेपानी सेवास्तर सूचक तथा उपसूचकहरु

| खानेपानी संकलन गर्ने धाराबाट उपलब्ध खानेपानी सेवा स्तर | | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|---|
| सेवा स्तर सूचक | उप सूचक | | | | |
| गुणस्तर | पानी संकलन गर्ने धाराको पानीको गुणस्तर (परिक्षण गर्ने) | इ-कोलाई >0 सिएफयु/ १०० मि.लि., वा आर्सेनिक>०.०५ मि.ग्रा./लिटर | इ-कोलाई ≤0 सिएफयु/१०० मिलिलिटर र आर्सेनिक ≤०.०५ मि.ग्रा. /लिटर (भूमिगत खानेपानीको श्रोतको लागि मात्र) | | |

| खानेपानी संकलन गर्ने धाराबाट उपलब्ध खानेपानी सेवा स्तर | | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|---|
| सेवा स्तर सूचक | उप सूचक | | | | |
| | पानीको श्रोतको प्रकार | असंरक्षित् श्रोत | संरक्षित् मुहान वा प्रशोधन सहितको असंरक्षित् श्रोत | | |
| परिमाण | परिवारको लागि आबश्यक दैनिक पानीको परिमाणको प्रयाप्तता मापन (लिटर प्रति दिन प्रति व्यक्ति परिमाणको प्रतिनिधित्व गर्ने सूचक) | निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: <br>• पिउने र खान पकाउने <br>(२५-४४ लि./व्य./दि.) | निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: <br>• पिउने र खाना पकाउने <br>• सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने) <br>[४५-६५ लि./व्य./दि.] | निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: <br>• पिउने र खाना पकाउने <br>• सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने) <br>• नुहाउने <br>• लुगा धुने <br>[६५–१०० लि./व्य./दि.] | निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: <br>• पिउने र खाना पकाउने <br>• सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने) <br>• नुहाउने <br>• लुगा धुने <br>• करेसाबारी/बगैचा र वस्तु पालन <br>[>१०० लि./व्य./दि.] |
| पहुँच | घर देखि पानी संकलन गर्ने धारा सम्मको दुरी (नाप लिने) | घर देखि सामुदायिक धाराको दुरी > १५० मिटर | घर देखि सामुदायिक धाराको दुरी ≤ १५० मिटर | घरमा निजि धारा जडान | घरमा निजि धारा जडान |
| विश्वसनीयता | धारमा दैनिक पानी आउने समय (घण्टा प्रति दिन) | < ८ घण्टा प्रति दिन | ८ – ११ घण्टा प्रति दिन | १२ – २३ घण्टा प्रति दिन | २४ घण्टा प्रति दिन |
| | धारामा पानी सेवा रुकावट हुने आवृत्ति (गत १२ महिनामा) | > १ रुकावट प्रति महिना | ≤ १ रुकावट प्रति महिना | ≤ १ रुकावट प्रति ३ महिना | ≤ १ रुकावट प्रति वर्ष |

| खानेपानी संकलन गर्ने धाराबाट उपलब्ध खानेपानी सेवा स्तर | | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|---|
| सेवा स्तर सूचक | उप सूचक | | | | |
| | रुकावट भएको पानी सेवा फेरी सुचारु हुन लागेको सबै भन्दा बढी समय (गत १२ महिनामा) | एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको > २ दिन | एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको ≤ २ दिन | एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको ≤ १ दिन | |

माथिका सूचक तथा उपसूचकहरु प्रयोग गरि प्रत्येक धाराबाट उपलब्ध भएको खानेपानी सेवा स्तरको आधारमा त्यस धाराको खानेपानी सेवास्तर निर्धारण गरिनेछ | आयोजनाको खानेपानी सेवा स्तर निर्धारण गर्दा सबै भन्दा निम्न सेवास्तर भएको धारालाई आधार मानिने छ | सबै भन्दा निम्न स्तरको सेवा उपलब्ध भएको धाराको सेवा स्तर नै त्यस आयोजनाको सेवा स्तर निर्धारण हुनेछ | सेवा स्तर वृद्धि गर्नको लागि त्यस आयोजनाले उक्त धाराको सेवा स्तर वृद्धि गर्नु पर्ने हुन्छ | साथै, चार वटा सूचक अनुसारका सेवा स्तरहरु: परिमाण सेवा स्तर, गुणस्तर सेवा स्तर, पहुच सेवा स्तर र विश्वसनीयता सेवा स्तरहरु मध्ये सबै भन्दा निम्न रहेको सेवा स्तर नै समग्र सेवा स्तर हुनेछ |

**यस रणनीति कार्यान्वयन गर्दा प्रयोग हुने खानेपानी सेवास्तरका समाबेशी सूचकहरु**

निम्न अनुसारका खानेपानी समाबेशी सेवा स्तर सूचकहरु खानेपानी रणनीति कार्यान्वयन गरि सेवा स्तर उन्नति गर्दा प्रयोग गरिनेछ | खानेपानीको समग्र सेवा स्तर वृद्धि गरि आयोजनाको खानेपानी सेवा स्तर आधारभूत, मध्यम र उच्चमा पुराउनको लागि तलको तालिकामा प्रस्तुत गरिएको अपांगता भएका व्यक्तिहरुको लागि सेवा स्तर र अल्पसंख्यक र बन्चितमा परेकाहरुको सेवा स्तर समेत वृद्धि गर्नु पर्नेछ | यसरि यी दुई वटा समाबेशी सूचकहरु समेतको सेवा स्तरले आयोजनाको खानेपानी समग्र सेवा स्तर निर्धारण हुनेछ |

तालिका नं. २: खानेपानी रणनीति कार्यान्वियन गर्दा प्रयोग हुने समावेशी खानेपानी सेवास्तर सूचकहरु

| समाबेशी खानेपानी सेवा स्तर सूचक | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|
| अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच | अपांगता भएको व्यक्तिको लागि उपयुक्त बाटो समेत नभएको | अपांगता भएको व्यक्तिको लागि उपयुक्त बाटो भएको तर रयाम्प नभएको | अपांगता भएको व्यक्तिको लागि बाटो, रयाम्प र स्पर्श टायल भएको तर समाउने ह्यान्ड रेलिंग नभएको | अपांगता भएको व्यक्तिको लागि बाटो, रयाम्प, स्पर्श टायल र समाउने ह्यान्ड रेलिंग भएको |
| अल्पसंख्यक र बन्चितमा परेका घरपरिवारका लागि खानेपानीको पहुँच | खानेपानी संकलन गर्ने धारा दलित वा अल्पसंख्यकको घरबाट >१५० मिटर टाढा | खानेपानी संकलन गर्ने धारा दलित वा अल्पसंख्यकको घरबाट ≤१५० मिटर टाढा | दलित वा अल्पसंख्यकको घर परिसरमा खानेपानीको निजि धारा रहेको | दलित वा अल्पसंख्यकको घर परिसरमा खानेपानीको निजि धारा रहेको |

# २ परिच्छेद २: गाउँपालिकाको प्रोफाइल

## २.१ गाउँपालिकाको सम्क्षिप्त परिचय

महाबु गाउँपालिका कर्णाली प्रदेश दैलेख जिल्लाको ११ वटा स्थानिय तह मध्य महाभारत पर्वत श्रृंखलाको उत्तरमा अवस्थीत एक दुर्गम पहाडी गाउँपालिका हो। सङघीय गणतन्त्र नेपालको स्थानीय तह पुनःसरचनाका खाका अनुरूप साविकको खरिगैरा गा.वि.स. वडा नं. १-७, बडाखोला गा.वि.स, वाँसी गा.वि.स., रानीवन गा.वि.स. र काँशीकाँध गा.वि.स.का वडा नं. १, २, ३, ४, ५, ६, ७ र ९ मिलेर बनेको महाबु गाउँपालिकाको कुल क्षेत्रफल ११०.८० वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको सदरमुकाम वडा नं. ४ गैडावाज रहेको छ । यस गाउँपालिकालाई ६ ओटा वडाहरुमा विभाजन गरिएको छ।

महाबु गाउँपालिका दैलेख जिल्लाको भौगोलिक विविधता, प्राकृतिक स्रोत साधनयुक्त र महत्त्वपूण पर्यटकीय गन्तब्य भएको गाउँपालिका हो। वि.सं. २०६८ सालको जनगणना अनुसार पालिकाको कुल जनसङख्या १९,२७७ रहेको थियो। वि.सं.२०७५ मा पार्श्वचित्रका प्रयोजनका लागि गरिएका घरधुरी सर्वेक्षण अनुसार पालिकाको कुल जनसङख्या २२,२४८ रहेको पुगेको छ। (श्रोत: महाबु गाउँपालिकाको वेबसाइट)

## २.२ गाउँपालिकाको भौगोलिक अवस्था

### २.२.१ भौगोलिक अवस्थिति

राजनितिक हिसाबले दैलेखका ११ वटा स्थानीय तहहरु मध्ये जिल्लाको प्रतिनिधि सभा निर्बाचन क्षेत्र नं. १ अन्तर्गत यो गाउँपालिका पर्दछ | विश्व मानचित्रमा यस गाउँपालिकाको फैलावट २८ डिग्री ५१ मिनेट उत्तर देखि २९ डिग्री ०१ मिनेट उत्तरी अक्षांश सम्म र ८१ डिग्री ३९ मिनेट पूर्व देखि ८१ डिग्री ४४ मिनेट पुर्बी देशान्तर सम्म रहेको छ | समुद्री सतह बाट ६३० मिटर देखि ४१६८ मिटर सम्मको उचाईमा रहेको यस गाउँपालिकाको क्षेत्रफल् ११०.७८ वर्ग किलोमिटर रहेको छ |

यस महाबु गाउँपालिकाको पुर्वमा नारायण नगरपलिका र नौमुले गाउँपालिका, पश्चीममा भैरवि गाउँपालिका, उत्तरमा कालिकोट जिल्लाको सिमाना, दक्षीणमा भैरवि गाउँपालीका र नारायण नगरपालिका पर्दछ। दैलेख जिल्लाका ११ ओटै स्थानिय तह मध्य आर्थीक दृष्टिकोणले हाल विपन्न रहेको भए तापनि प्राकृतिक, पुरातात्विक, धार्मिक र ऐतिहासिक दृष्टिकोणले सम्बृद्ध छ। यो गाउँपालिका प्रदेशको सदरमुकाम सुर्खेतको विरेन्द्रनगर नगरपालिका देखि ९० कि.मि. र दैलेख जिल्लाको सदरमुकाम दैलेख देखि २२ कि.मि. उत्तरमा अवस्थीत छ। (श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६ श्रोत र नेपाल सरकारको जीआईएस नक्सा)

### २.२.२ क्षेत्रफ़ल

दैलेख जिल्लाको साबिकका ५ वटा गाबिसहरु खरिगैरा, बडाख़ोला, बाँसी, रानीबन र काँशीकाँध गाबिसका ४२ वटा वडाहरु मिलेर यो गाउँपालिका बनेको छ | महाबु गाउँपालिकाका वडाहरुको भौगोलिक संरचना तथा क्षेत्रफ़ल निम्न अनुसार रहेको छ |

*तालिका नं ३: महाबु गाउँपालिकाको वडागत क्षेत्रफ़ल् विवरण*

| महाबु गाउँपालिकाको वडा नं. | साबिक गाबिस | साबिक गाबिसका वडाहरु | क्षेत्रफ़ल् (वर्ग कि.मि.) |
|---|---|---|---|
| १ | खरिगैरा | १-७ | १३.३६ |
| २ | बडाखोला | १-९ | ११.५९ |
| ३ | बाँसी | १-९ | १३.८ |
| ४ | रानीवन | ५-९ | १२.८८ |
| ५ | काँशीकाँध | २,४,६,७,९ | २२.५९ |
| ६ | काँशीकाँध | १,३,५ | ३६.५८ |
| | रानीवन | १-४ | |
| | जम्मा | | ११०.८० |

श्रोत: स्थानीय निकायको जिआइएस् नक्सा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### २.२.३ वर्तमान भूउपयोग

महाबु गाउँपालिकाको क्षेत्रफ़ल् ११,०७८ हेक्टर अर्थात् ११०.८० वर्ग किलो मिटर रहेको छ | जसमा कृषि योग्य जमिनको क्षेत्रफ़ल् ५,०२० हेक्टर, बन क्षेत्र ५,३९४ हेक्टर, चरण क्षेत्र ६४८ हेक्टर रहेको छ, भने नदि नाला, ताल तलाउ आदिले ओगटेको भू-भाग क्षेत्र १५ हेक्टर रहेको छ | यस गाउँपालिकाको भू-उपयोगलाई निम्न अनुसार प्रस्तुत गरिएको छ |

तालिका नं ४: महाबु गाउँपालिकाको भू-उपयोग अवस्था

| क्र.सं. | विवरण | क्षेत्रफ़ल् (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ५,०२० | ४५.३% |
| २ | बन क्षेत्र | ५,३९४ | ४८.७% |
| ३ | चरण क्षेत्र | ६४८ | ५.९% |
| ४ | खोलानाला, ताल तलैया | १५ | ०.१% |
| | जम्मा | ११,०७८ | १००.०% |

श्रोत: नेपाल सरकारको जीआईएस नक्सा


### २.२.४ नदि, खोला तथा ताल तलैया

दैलेख जिल्लामा वार्षिक १५०० मिलि मिटर औसत वर्षात हुने गर्छ | त्यसैले महाबु गाउँपालिका क्षेत्र भित्र महाभारत शृंखलाबाट उत्पत्ति भएका कर्णाली नदीका बाह्रै महिना पानी बगीरहने दर्जनौं सहायक ठुला साना नदि, खोलाहरु रहेका छन् | मुख्य गरि छामघाट खोला, ताराघाट खोला, गोटी खोला, उत्तिसेनी खोला, तेपेडी खोला, आदि जस्ता ठुला खोला देखि साना खोला र मूलहरु रहेका छन् | साथै यस गाउँपालिका भित्र ऐतिहासिक, धार्मिक, संस्कृतिक, पर्यटकीय तथा वातावरणीय जल सम्पदाको महत्व बोकेका केहि महिना हिउँ रहने महाबु लेक, झरना, ताल तलैया र साना ठुला सिमसार जल सम्पदा क्षेत्रहरु रहेका छन् | (श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६ र महाबु गाउँपालिकाको परिचयात्मक डकुमेन्ट्री भिडिओ)


### २.२.५ जलवायु तथा जलवायु परिवर्तनको जोखिम

जलवायु परिवर्तनका दृष्टिकोणले दैलेख जिल्ला अति प्रभावित जिल्लाको रुपमा रहेको छ। जिल्ला स्तरीय छलफल तथा प्रारम्भिक कार्यशाला गोष्ठीका सहभागीहरुले पनि यहाँ जलवायुको प्रत्यक्ष असर परेका अनुभवहरु आदान प्रदान गरेका थिए। साथै दैलेख जिल्लाका कर्णाली नदि उपजलाधार क्षेत्रहरुमा आशा प्रोजेक्टले गरेको सर्भेक्षणमा यस क्षेत्रका समुदायहरुले जलवायुपरिवर्तन प्रत्यक्ष रुपमा महसुस गरेको तथा यसबाट कृषि लगायत विभिन्न क्षेत्रहरुमा पारेको प्रभावहरुको अनुभव सहितका उदाहरणहरु छलफलहरुमा सरोकारवालाहरुले प्रस्तुत गरेका थिए। स्थानीयस्तरमा भएका छलफल, सहभागितामूलक रुपमा तयार गरिएका मौसमी पात्रो तथा समयरेखाहरु मार्फत यस रामगाड जलाधार क्षेत्रमा जलवायु परिवर्तन उल्लेख्य रुपमा भएको देखिएको छ। सन १९८६ देखि २०१३ सम्मको वर्षा तथा तापक्रमको तथ्यांकहरु विश्लेषण गर्दा जिल्लास्तरमा वर्षा हुने महिनाहरु क्रमशः पछि सर्दै गएको तथा तापक्रम क्रमशः बढेको देखिन्छ।

यस जिल्लाको वार्षिक औसत तापक्रम २५ डिग्री देखि ३५ डिग्री सेन्टिग्रेड सम्म रहेको छ। यस गाउंपालिकामा जलवायू मापनको छुट्टै स्टेसन नभएकोले जिल्लास्तरमा प्राप्त तथ्यांकहरुको विश्लेषणबाट प्राप्त विवरणलाई प्रस्तुत गरिएको छ।




*चित्र नं. १: दैलेखको विगत ३० वर्षको जलवायु प्रवृत्ति*




चित्र नं. २: विगत ३० वर्षको तापक्रम वृद्धि तथा वर्षाको प्रवृत्ति
श्रोत: दैलेख जिल्लामा समुदायहरुसंग आशा प्रोजेक्टले तयार गरेको मौसमी पात्रो, स्थानीय अनुकूलन कार्ययोजना (आ.व.२०७४/७५-२०७६/७७)

माथिको चित्रमा सन १९९० देखि २०१३ सम्मको जिल्लाको तापक्रम तथा वर्षाको समग्र प्रवृत्ति प्रस्तुत गरिएको छ। जस अनुसार १९९० मा अधिकतम तापक्रम करिब २४ डिग्री सेन्टग्रेड रहेकोमा २०१३ मा २६ डिग्री सेन्टग्रेड भन्दा माथि रहेको देखिएको छ। त्यस्तै न्युनतम तापक्रम पनि करिब ११.३० डिग्री सेन्टग्रेडबाट बढेर १३.३० डिग्री सेन्टग्रेडमा पुगेको देखिन्छ। वर्षाको मात्रामा प्रष्ट उतारचढाव देखिएको र समग्रमा वार्षिक पानीको मात्रा कम हुदै गएको देखिन्छ। स्थानीयस्तरका सचेतना अभिवृद्धी तथा योजना तर्जुमा कार्यक्रमहरुका सहभागिहरुले खंडेरीका दिनहरु बढ्दै गएको तथा तापक्रम बढेको कुरा समयरेखा मार्फत व्यक्त गरेकोले वैज्ञानिक तथा सहभागितामुलक दुबै विधिबाट विश्लेषण गर्दा पनि जलवायू परिवर्तन क्रमश: भैरहेको देखिएको छ। गाउं सङ्टासन्नता तथा अनुकूलन क्षमता लेखाजोखाका लागि भौगोलिक सूचना प्रणाली तथा सहभागितामूलक परिदृष्य विकासको समेत प्रयोग गरी सहभागितामूलक विधिहरु प्रयोग गरिएको छ। यस क्षेत्रमा विगत ३० वर्षको अन्तरालमा मौसममा देखिएका परिवर्तन तथा बालीको समयमा निम्नानुसार फरक देखिएको छ।

तालिका नं. ५: दैलेख जिल्लाका कर्णाली उपजलाधार क्षेत्रको सहभागितात्मक मौसमी पात्रो

| सम्मुखता को क्षेत्र | सूचकहरु | समय | बैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन(घटबढ) | मान (१-४) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्षा तथा यसको स्वरुप | मनसुन वर्षा | पहिले | | | | | | | | | | | | | ३ महिनाले घटेको तर पानि अहिले धेरै पर्ने गरेको | ४ |
| | | अहिले | | | | | | | | | | | | | | |
| | हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | १ महिनाले घटेको र १ महिना पछि सरेको | ४ |
| | | अहिले | | | | | | | | | | | | | | |
| | हिमपात | पहिले | | | | | | | | | | | | | हिउँ अहिले छैन | २ |
| | | अहिले | | | | | | | | | | | | | | |
| | तुसारो | पहिले | | | | | | | | | | | | | १ महिनाले बढेको,बोट बिरुवा सुक्ने गरेको | ३ |
| | | अहिले | | | | | | | | | | | | | | |

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन(घटबढ) | मान (१-४) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मिका दिनहरु | पहिले | | | | | | | | | | | | | १.५ महिनाले बढेको | ४ |
| | | अहिले | | | | | | | | | | | | | | |
| | जाडोका दिनहरु | पहिले | | | | | | | | | | | | | २ महिनाले घटेको | ४ |
| | | अहिले | | | | | | | | | | | | | | |
| बिरुवाको व्यवहार | बालीमा फुल लाग्ने समय | पहिले | | | | | | | | | | | | | आरु २ महिना अगाडी फुल्छ | ४ |
| | | अहिले | | | | | | | | | | | | | | |
| | बालीमा फुल पाक्ने समय | पहिले | | | | | | | | | | | | | १ महिनाले अघि सरेको | ४ |
| | | अहिले | | | | | | | | | | | | | | |
| प्रकोपको स्वरुप | बाढी/ पहिरो | पहिले | | | | | | | | | | | | | पानी पर्ने समयमा परिवर्तन नभएकी तर मुसलधारे पानि पर्ने गरेको | ४ |
| | | अहिले | | | | | | | | | | | | | | |
| जिविकोपार्जनका कियाकलाप | स्थानिय धान छर्ने | पहिले | | | | | | | | | | | | | १ महिना पछि सरेको | ३ |
| | | अहिले | | | | | | | | | | | | | | |
| | धान काट्ने | पहिले | | | | | | | | | | | | | काट्ने समयमा परिवर्तन छैन | ३ |
| | | अहिले | | | | | | | | | | | | | | |
| भौतिक श्रोतको जानकारी | पानीको मूल फुट्ने | पहिले | | | | | | | | | | | | | मुहान फुट्छ तर सङ्ख्या घटेको छ | ४ |
| | | अहिले | | | | | | | | | | | | | | |

श्रोतः दैलेख जिल्लाका समुदायहरुसंग आशा प्रोजेक्टले तयार गरेको मौसमी पात्रो, स्थानीय अनुकूलन कार्ययोजना (आ.व.२०७४/७५-२०७६/७७)

**बिगतमा प्राकृतिक प्रकोपबाट भएको क्षतिः**

गाउँपालिकाका केही वडाहरूमा २०७५ सालमा प्राकृतिक प्रकोपको कारणले सार्वजनिक संरचना तथा पूर्वाधारहरुमा क्षति पुरयाएको देखिएको छ। वडा नम्बर १ र ५ मा बाढी डुबान र पहिरोले ५ वटा विद्यालयमा क्षति पुरयाउदा रु २ करोड २० लाख वराबरको क्षति भएको तथ्याङ्कले देखाएको छ। त्यस्तै पहिरोले ५ नम्बर वडाका ४ पुल पुलेसा, २ वटा कुलो तथा नहरमा क्षति पुरयाउँदा रु ७५ लाख बराबरको नोक्सानी भएको अध्ययनले देखाएको छ। गाउँपालिकाको बस्तुगत विवरण २०७६ अनुसार २०७५ सालमा यस गाउँपालिकामा निम्न बमोजिमका प्राकृतिक प्रकोपबाट क्षति भएको देखिन्छ।

तालिका नं ६: प्रकोपबाट भएको क्षति सम्बन्धि विवरण

| वडा नं. | प्रकोपको किसिम | क्षतिको विवरण | भएको अनुमानित क्षति (रु) | मानविय क्षति |
|---|---|---|---|---|
| १ र ५ | बाढी, पहिरो | ५ वटा विद्यालयमा क्षति भएको | २२,०००,००० | छैन |
| ५ | पहिरो | ५ वटा पुल पुलेसा र २ वटा नहरका संरचनामा क्षति भएको | ७,५००,००० | छैन |
| | जम्मा | | २९,५००,००० | |

श्रोत: महाबु गाउँपालिकाको पोर्श्वचित्र २०७६

## २.३ गाउँपालिकाको जनसंख्या बनौट

### २.३.१ वडा अनुसार घरधुरी तथा जनसख्या

महाबु गाउँ पालिकाले २०७५/७६ सालमा तयार गरेको गाउँ पालिकाको प्रोफाइल अनुसार यस गाउँ पालिकाको सबै वडाहरुमा गरि कुल ३५०७ घरधुरी रहेको छ | वडागत रुपमा घरधुरी संख्यालाई विश्लेषण गर्दा बिबिधता युक्त रहेको देखिन्छ | सबै भन्दा कम घरधुरी वडा नं. ४ मा ४५१ र सबै भन्दा बढी वडा नं. ३ मा ७७७ रहेको छ | यस गाउँपालिकाको वडा अनुसारको घरधुरी तथा जनसान्खिकीय विवरण देहाय बमोजिम रहेको छ |

तालिका नं ७: वडाअनुसारको जनसान्खिकीय विवरण

| वाड नं. | परिवार सङ्ख्या | जनसङ्ख्या | | | | परिवारका औषत आकार | लैंगिक अनुपात (पु/म) |
|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | यौनिक अल्पसंख्यक | कुल जम्मा | | |
| १ | ६९४ | १,८३७ | १,९७४ | २ | ३,८१३ | ५.५ | ९३.०६ |
| २ | ५२१ | १,५५४ | १,७१० | - | ३,२६४ | ६.३ | ९०.८८ |
| ३ | ७७७ | २,५४२ | २,५०५ | - | ५,०४७ | ६.५ | १०१.५० |
| ४ | ४५१ | १,४९६ | १,५१४ | ४ | ३,०१४ | ६.७ | ९८.८१ |
| ५ | ४८४ | १,८०५ | १,७९४ | ३ | ३,६०२ | ७.४ | १००.६० |
| ६ | ५८० | १,८१० | १,६९८ | - | ३,५०८ | ६ | १०६.६० |
| कुल जम्मा | ३,५०७ | ११,०४४ | ११,१९५ | ९ | २२,२४८ | ६.३ | ९८.६५ |

श्रोत: घरधुरी सर्भेक्षण २०७५/७६, महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

### २.३.२ उमेर तथा लिङ्ग समूह अनुसार जनसख्या

महाबु गाउँपालिकाको पार्श्वचित्र तयारीको लागि २०७५/७६ मा गरिएको घरधुरी सर्भेक्षण अनुसार यस गाउँपालिकाकामा रहेका जम्मा २२२४८ जनसंख्यालाई उमेरगत समुहमा बिभाजन गरेर प्रस्तुत गर्दा, १५ वर्ष उमेर सम्मका जनसंख्या ८३५७ (३७.५%), १६-४० वर्ष उमेर समुहका ९५०२ (४२.७%), ४१-५९ वर्ष उमेर समुहका २७७२ (१२.४५%),

६०-१०० वर्ष उमेर समुहका १६१७ (७.२६%) रहेको देखिन्छ | यस गाउँपालिकाको उमेर र लिङ्ग समूह अनुसारको जनसंख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ |

तालिका नं ८: उमेर तथा लिङ्ग अनुसार महाबु गाउँपालिकाको जनसंख्या बिबरण

| उमेर समुह | जनसंख्या | | | | जम्मा प्रतिशत | लैगिक अनुपात (पु/म) |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | यौनिक अल्पसंख्यक | जम्मा | | |
| १-१५ | ४०३५ | ४३१४ | ८ | ८३५७ | ३७.५६ | ९३.७१ |
| १६-४० | ४७३१ | ४७७० | १ | ९५०२ | ४२.७ | ९९.१८ |
| ४१-५९ | १४२१ | १३५१ | ० | २७७२ | १२.४५ | ९५.०७ |
| ६०- १०० | ८५७ | ७६० | ० | १६१७ | ७.२६ | ८८.६८ |
| जम्मा | ११०४४ | १११९५ | ९ | २२२४८ | १०० | ९८.६५ |

श्रोत: घरधुरी सर्भेक्षण २०७५/७६, महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

## २.३.३ जातजातिका आधारमा जनसख्या

महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार महाबु गाउँपालिकामा २५.४५% दलित, १८.५३% जनजाती, ५५.९९% ब्राह्मण/ क्षेत्रि/ ठकुरी/ सन्यासी, ०.०२% मुस्लिम र ०.०१% अन्य जातजाति रहेका छन् | जातजाति सम्बन्धि बिस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ |

तालिका नं ९: जातजातिको आधारमा जनसंख्या विवरण

| वडा नं. | दलित | जनजाती | वाह्मण,क्षेत्री,ठकुरी,सन्यासी | मुस्लिम | अन्य | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १,०४१ | ३१२ | २,४५९ | - | १ | ३,८१३ |
| २ | ८५६ | १,१५८ | १,२५० | - | - | ३,२६४ |
| ३ | १,४३४ | २८० | ३,३३३ | - | - | ५,०४७ |
| ४ | ४९३ | ६६७ | १,८५२ | १ | १ | ३,०१४ |
| ५ | १,१६९ | २४६ | २,१८३ | ३ | १ | ३,६०२ |
| ६ | ६६९ | १,४६० | १,३७९ | - | - | ३,५०८ |
| **कुल जम्मा** | **५,६६२** | **४,१२३** | **१२,४५६** | **४** | **३** | **२२,२४८** |
| | **25.45%** | **18.53%** | **55.99%** | **0.02%** | **0.01%** | **100.00%** |

श्रोत: घरधुरी सर्भेक्षण २०७५/७६, महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

## २.३.४ अपांगताका आधारमा जनसख्या

घरधुरी सर्भेक्षण २०७५/७६ (महाबु गाउँपालिकाको पार्श्वचित्र) अनुसार यस गाउँपालिकामा भिन्न शारीरिक वा मानसिक क्षमता भएका व्यक्तिहरु जम्मा ६५३ जना रहेका छन् | जस मध्ये २९२ जना शारीरिक अपांगता भएका, ५९ जना दृष्टि बिहिन भएका, १३५ बोल्न र सुन्न नसक्ने अपांगता भएका, ५३ जना सुस्त मनस्थिति अपांगता भएका, ६६ जना अन्य अपांगता भएका, र ४८ जना बहु-अपांगता भएका व्यक्तिहरु रहेका छन् | सो सम्बन्धि बिस्तृत बिबरण तलको तालिकामा प्रस्तुत गरिएको छ |

तालिका नं १०: भिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको विवरण

| वडा नं. | अपाङ्गता भएका व्यक्ती | अपांगता भएका जनसंख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | दृष्टिविहिन (आँखा नदेख्ने) | वोल्न तथा सुन्न नसक्ने (बहिरा) | सुस्त मनस्थिति | अन्य अपाङ्गता | वहु अपाङ्गता | जम्मा |
| १ | पुरुष | ५० | १८ | १४ | ४ | ४ | ९ | ९९ |
| | महिला | ६९ | ११ | २२ | १० | ६ | ९ | १२७ |
| | यौनिक अल्पसंख्यक | ० | ० | ० | ० | १ | ० | १ |
| | जम्मा | ११९ | २९ | ३६ | १४ | ११ | १८ | २२७ |
| २ | पुरुष | १० | १ | ६ | ९ | ० | ३ | २९ |
| | महिला | २६ | ० | ११ | ७ | १ | ५ | ५० |
| | यौनिक अल्पसंख्यक | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ३६ | १ | १७ | १६ | १ | ८ | ७९ |
| ३ | पुरुष | १५ | ७ | १५ | २ | ० | २ | ४१ |
| | महिला | १८ | २ | २१ | ५ | ४ | ९ | ५९ |
| | यौनिक अल्पसंख्यक | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ३३ | ९ | ३६ | ७ | ४ | ११ | १०० |
| ४ | पुरुष | १७ | ० | १ | ० | १ | ० | १९ |
| | महिला | १९ | ० | २ | १ | ० | ० | २२ |
| | यौनिक अल्पसंख्यक | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ३६ | ० | ३ | १ | १ | ० | ४१ |
| ५ | पुरुष | ३ | ७ | १२ | १ | १८ | ३ | ४४ |
| | महिला | १९ | ५ | ७ | २ | २९ | ५ | ६७ |
| | यौनिक अल्पसंख्यक | १ | ० | ० | १ | ० | ० | २ |
| | जम्मा | २३ | १२ | १९ | ४ | ४७ | ८ | ११३ |
| ६ | पुरुष | २१ | ७ | १२ | ४ | १ | ३ | ४८ |
| | महिला | २४ | १ | १२ | ७ | १ | ० | ४५ |
| | यौनिक अल्पसंख्यक | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ४५ | ८ | २४ | ११ | २ | ३ | ९३ |



...बहादुर शाही
अध्यक्ष

| वडा नं. | अपाङ्गता भएका व्यक्ती | अपांगता भएका जनसंख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | दृष्टिविहिन (आँखा नदेख्ने) | वोल्न तथा सुन्न नसक्ने (वहिरा) | सुस्त मनस्थिति | अन्य अपाङ्गता | वहु अपाङ्गता | जम्मा |
| कुल जम्मा | पुरुष | ११६ | ४० | ६० | २० | २४ | २० | २८० |
| | महिला | १७५ | १९ | ७५ | ३२ | ४१ | २८ | ३७० |
| | यौनिक अल्पसंख्यक | १ | ० | ० | १ | १ | ० | ३ |
| | जम्मा | २९२ | ५९ | १३५ | ५३ | ६६ | ४८ | ६५३ |

श्रोत: घरधुरी सर्भेक्षण २०७५/७६, महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

## २.४ गाउँपालिकाको मुख्य भौतिक संरचना तथा सेवा अवस्था

### २.४.१ सडक संजालको अवस्था

दैलेख जिल्ला सदरमुकाम देखि कालिकोट जोड्ने सडक महाबु गाउँ पालिका हुदै निर्माण भएको छ | यस गाउँपालिकाका ६ वटै वडाहरुमा सडक सञ्जालको पहुँच पुगेको छ । गाउँपालिका भित्र जम्मा २४२.५ किलोमिटर सडक सञ्जाल विस्तार भएको छ । गाउँपालिकाका कुनै पनि सडक कालोपत्र भएका छैनन । वडा नम्बर ५ को भिरखेत डुङग्री खरिगैरा, नारायण बस्ती देखी महावुसम्म जोडिएको ५ किलोमिटर सडक मात्र ग्राभेल भएको छ । वडा नं १, २, ३, ४ र ६ का वडा सदरमुकमहरु र वडाका ब्यापारिक केन्द्रहरुलाई गाउँपालिकाको मुख्य ब्यापारिक केन्द्र र महाबु-दैलेख सडक संग जोड्ने पालिका भित्रका सडकहरु ग्रावेल हुन सकेका छैनन । वडा नं. ६ को टाकुरी देखि वडा नं. ५ को काँशीकाँध बाहेक गाउँपालिकाका सम्पूर्ण वडाहरु सडक संजालले एक अर्कामा जोडिएका छन् | गाउँपालिकाले सडक संजालको वृद्धि र स्तर उन्नतिलाई वार्षिक बजेट बिनियोजन गर्दा विशेष प्राथमिकता दिँदै आएको छ (तालिका नं. ११, १२) |

तालिका नं ११: सडक संजालको विद्यमान अबस्थाको विवरण

| क्र.सं. | सडकको जम्मा लम्बाई (कि.मी.) | महाबु गाउँपालिका क्षेत्र भित्र पर्ने सडकहरुको लम्बाई (कि.मि.) | | | सडकले जोडेका ब्यापारिक केन्द्र र गाउँहरु |
|---|---|---|---|---|---|
| | | कालोपत्र सडक | ग्राभेल सडक | कच्ची सडक | |
| १ | ५ | | ५ | | वडा नं. ५ भिरखेत डुङग्री खरिगैरा, नारायण बस्ती देखी महावु |
| २ | २३७.५ | | | २३७.५ | वडा नं. १,२,३,४,६ का वडा सदरमुकाम र ब्यापारिक केन्द्रहरुलाई गाउँ पालिकाको मुख्य ब्यापारिक केन्द्रसंग जोड्ने सडकहरु |
| जम्मा | २४२.५ | – | ५.० | २३७.५ | |

श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

तालिका नं १२: निर्माणाधीन गाउँपालिका स्तरीय सडक संजालको विवरण

| क्र. सं. | सडकको नाम | सडकको किसिम | अनुमानित लम्बाई (कि.मि.) | सडकको औसत चौडाई (मि.) | यस सडकले सेवा पुग्ने वडा तथा वस्तीहरु |
|---|---|---|---|---|---|
| १ | ताराघाट, खरिगैरा, गैडाबाज, फागु, गडिगाउँ, भैरवी सडक | गाउँपालिका स्तरीय सडक | | | ताराघाट, खरिगैरा, गैडाबाज, फागु, गडिगाउँ |
| २ | एकपाटे, टाकुरी, जौखोरीया, काँशिकाँध सडक | गाउँपालिका स्तरीय सडक | | | एकपाटे, टाकुरी, जौखोरीया, काँशिकाँध |
| ३ | चुरेघाटी भाव्र सडक | वडा स्तरीय सडक | | | वडा नं. १ खरिगैरा |
| ४ | तिपेडे खोला सडक स्तरउन्नोति | वडा स्तरीय सडक | | | वडा नं. २ वडा खोला |
| ६ | तोलेनी मोटर बाटो निर्माण | वडा स्तरीय सडक | | | वडा नं. ३ बाँसी |
| ७ | कोटडाँडा, गोर्ति, कँडेनी सडक | वडा स्तरीय सडक | | | वडा नं. ५ काँशीकाँध |
| ८ | कोटडाँडा,वडावन, सल्लेरी सडक | वडा स्तरीय सडक | | | वडा नं. ५ काँशीकाँध |
| ९ | गडिगाउँ पाण्डे डाँडा कोटडाँडा सडक निर्माण | वडा स्तरीय सडक | | | वडा नं. ५ काँशीकाँध |
| १० | पिपलचौतारा तिदुगैरा सडक | वडा स्तरीय सडक | | | वडा नं. ५ काँशीकाँध |
| ११ | अधेरीखोला जोगी डाँडा सडक | वडा स्तरीय सडक | | | वडा नं. ५ काँशीकाँध |
| १२ | कोटडाँडा वाफखर्क वलिडाँडा सडक निर्माण | वडा स्तरीय सडक | | | वडा नं. ५ काँशीकाँध |
| १३ | शेर वहादुर सिंहको घर देखि गा.वि.स.भवन सम्म सडक निर्माण | वडा स्तरीय सडक | | | वडा नं. ६ रानीबन, टाकुरी |
| १४ | तारे पहरा सम्म सडक निर्माण | वडा स्तरीय सडक | | | वडा नं. ६ रानीबन, टाकुरी |
| | जम्मा सडकको लम्बाई | | | | |

श्रोत: गाउँपालिकाको आ.व. २०७८/७८ को नीति, बजेट तथा कार्यक्रम

## २.४.२ शैक्षिक संस्थाहरु

भौगोलिक हिसाबले कठिन र बिकट यस गाउँपालिकाको समग्र शैक्षिक अवस्था सुधारका लागि विभिन्न शैक्षिक सेवाहरु प्रबाह गर्नका लागि स्थापना भएका शैक्षिक संस्थाहरु सामुदायिक र संस्थागत प्रक्रितिका रहेका छन् | यस गाउँपालिकामा ३८ वटा सामुदायिक विद्यालय र ३ वटा संस्थागत विद्यालयहरू रहेका छन । साथै एउटा सरकारी प्राबिधिक शिक्षालय रहेको छ | यस पालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छ |

तालिका नं १३: शैक्षिक संस्थाहरुको विवरण

| विद्यालयको विवरण | विद्यालय संख्या | | |
|---|---|---|---|
| | सामुदायिक/सरकारी | निजि बिद्यालय | जम्मा |
| पूर्व प्राथमिक विद्यालय (५ कक्षा सम्म) | १४ | १ | १५ |
| आधारभूत विद्यालय (८ कक्षा सम्म) | १७ | २ | १९ |

| | | | |
|---|---|---|---|
| माध्यमिक विद्यालय (१२ कक्षा सम्म) | ७ | ० | ७ |
| कलेज | | | |
| प्राबिधिक शिक्षालय (१८ महिने प्राबिधिक तालिम) | १ | | |
| कुल जम्मा | ३९ | ३ | ४१ |

श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

### २.४.३ स्वास्थ्य संस्थाहरु

गाउँपालिकाको स्वास्थ्य प्रोफाइल २०७७ अनुसार यस गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकी र ४ वटा सामुदायिक स्वास्थ्य इकाई रहेका छन् | यस गाउँ पालिकामा रहेका सरकारी स्वास्थ्य संस्थाहरुको विवरण निम्न अनुसार रहेको छ |

तालिका नं १४: गाउँ पालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | प्रसुति केन्द्र (छ /छैन) | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | उपस्वास्थ्य चौकी, प्रसुती केन्द्र, सामुदायिक स्वास्थ्य इकाई |
|---|---|---|---|---|---|
| १ | खरिगैरा स्वास्थ्य चौकी | छ | | १ | |
| २ | बडाखोला स्वास्थ्य चौकी | छ | | १ | |
| २ | टाकुरी सामुदायिक स्वास्थ्य इकाइ | | | | १ |
| ३ | बाँसि स्वास्थ्य चौकी | छ | | १ | |
| ३ | गिथचौर सामुदायिक स्वास्थ्य इकाइ | | | | १ |
| ४ | रानीबन स्वास्थ्य चौकी | छ | | १ | |
| ५ | काँशीकाँध स्वास्थ्य चौकी | छ | | १ | |
| ५ | काँशीकाँध सामुदायिक स्वास्थ्य इकाइ | | | | १ |
| ६ | एकपाटे रानीबन सामुदायिक स्वास्थ्य इकाइ | | | | १ |
| | जम्मा | ५ | ० | ५ | ४ |

श्रोत: महाबु गाउँपालिकाको स्वास्थ्य प्रोफाइल २०७७

## २.५ गाउँपालिकाका नागरिकहरुको आर्थिक अवस्था

यस गाउँपालिकाको औषत आम्दानी दर निकै कम रहेको छ। उद्योग धन्दा, लघु उद्यम र व्यवसायीक कृषितर्फ अझै जनताहरू लागि नसकेको हुँदा गुजरामुखी कृषिमा रहेको आम्दानीले औषत आम्दानी माथि हुने देखिदैन । जडिबुटी सङ्कलन वैकल्पिक आयआर्जनको माध्यम भए तापनि यो लेकाली भेकका केही जनसङ्ख्यालाई बैकल्पिक पेशाका रूपमा केही आय आर्जन पुग्न सघाउ मात्र पुग्ने अवस्था देखिन्छ। करिव ८७% मानिसहरू मौसमी रोजगारका लागि भारत जाने परिस्थितीले पनि दयनीय बेरोजगारी अवस्थालाई सङकेत गर्दछ। केन्द्रीय तथ्याङ्क विभागले गरेको लघु क्षेत्र

गरिवी मापनका अनुसार यो पालिका जिल्लाको गरिव मध्येको रहेको देखाउँदछ । यस गाउँपालिकाको आर्थिक अवस्था निम्न तथ्यांकहरुबाट बुझ्न सकिन्छ|

| क्र.सं. | विवरण | सुचक |
|---|---|---|
| १. | मानव विकास सुचकांक | ०.४० प्रतिशत |
| २. | गरिवी दर | ३६ प्रतिशत |
| ३. | क) साक्षरता | ८५.३ प्रतिशत |
| | ख) निरक्षरता | १४.७ प्रतिशत |
| | ग) एस.एल.सी.उत्तिर्ण | २२.२४ प्रतिशत |
| | घ) स्नातक तह उत्तिण | १.८६ प्रतिशत |
| | ङ) स्नातकोत्तर तह उत्तिण | ०.४३ प्रतिशत |
| ४. | वैदेशिक रोजगारीमा गएका जनसङ्ख्या | ११.६९ प्रतिशत |

श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

### २.५.१ मुख्य ब्यबसाय तथा ब्यबसायिक मानव संसाधन

यस गाउँपालिकाको अर्थतन्त्र तथा रोजगारीको अधिकांश हिस्सा कृषि तथा पशुपालन र मौसमी रोजगारका लागि भारत जानेले धानेको छ भने पछिल्ला वर्षहरुमा वैदेशिक रोजगार पनि मूख्य हिस्साको रुपमा रहेको देखिन्छ। यस गाउँपालिकाका ८०% जनसंख्याको मुख्य पेशा कृषि रहेको केन्द्रीय तथ्याङ्क विभागको जनगणना २०६८ ले देखाउंछ।

गाउँपालिकामा कृषि र पशुपालनमा दक्षता भएका जनशक्तिको तथ्याङ्कलाई हेर्दा पुरूषको तुलनामा महिलाको सङ्ख्या अधिक देखिएको छ । कृषि र पशुपालनमा दक्षता भएका जनशक्ति मध्ये महिला ४४ जना र पुरुष जम्मा २० जना पाइयो । प्राविधिक तिर इन्जिनियरिङ क्षेत्रको दक्षता भएको जनशक्तिमा महिला ४ र पुरूषको सङ्ख्या १३ रहेको छ । मेडिसिनसम्बन्धी दक्षता प्राप्त गरेका जनशक्तिमा २५ महिला र ३० जना पुरुष रहेको तथ्याङ्कले देखाएको छ । त्यस्तै कानुनसम्बन्धी दक्ष जनशक्ति ३ जना पुरुष र पत्रकारिता क्षेत्रमा काम गर्ने जनशक्तिमा ३ जना महिला र ७ जना पुरुष रहेको पाइयो । अन्य व्यबसायिक क्षेत्रमा पनि दक्षता हासिल गर्नेमा पुरुष १२९ र महिला ६९ जना रहेको देखिएको छ ।

तालिका नं १५: प्राविधिक सीपयुक्त तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण

| वडा नं. | विषय क्षेत्र अनुसार प्राविधिक मानव संसाधन | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि/पशु | | इन्जिनियरिङ | | बन | | मेडिसिन | | वकिल | | पत्रकार | | अन्य | | कुल जम्मा | | |
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | जम्मा |
| १ | ३ | २ | ० | ३ | ० | ० | ० | १ | ० | १ | ० | १ | ० | ० | ३ | ८ | ११ |
| २ | २९ | ४ | १ | ० | ० | | ८ | ३ | ० | ० | ० | १ | ३० | ७० | ६८ | ७८ | १४६ |



नरेन्द्र बहादुर शाही
अध्यक्ष

| वडा नं. | विषय क्षेत्र अनुसार प्राविधिक मानव संसाधन | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि / पशु | | इन्जिनियरिङ | | बन | | मेडिसिन | | वकिल | | पत्रकार | | अन्य | | कुल जम्मा | | |
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | जम्मा |
| ३ | ३ | ४ | ० | ३ | ० | २ | ४ | ७ | ० | २ | ३ | २ | २० | ३० | ३० | ५० | ८० |
| ४ | ३ | २ | ० | १ | ० | ० | २ | ४ | ० | ० | ० | ० | १० | १४ | १५ | २१ | ३६ |
| ५ | ४ | ५ | २ | ५ | ० | ० | १० | १२ | ० | ० | ० | ३ | २ | २ | १८ | २७ | ४५ |
| ६ | २ | ३ | १ | १ | ० | ० | १ | ३ | ० | ० | ० | ० | ७ | १३ | ११ | २० | ३१ |
| जम्मा | ४४ | २० | ४ | १३ | ० | २ | २५ | ३० | ० | ३ | ३ | ७ | ६९ | १२९ | १४५ | २०४ | ३४९ |

श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

## २.५.२ गाउँपालिकाबाट निकासी हुने वस्तुहरु

यस गाउँ पालिकामा प्रमुख खाद्यान्न बालिहरु धान, मकै, कोदो, तोरी, भटमास आदि प्रमुख बालिको रुपमा उत्पादन गर्ने गरेको पाइन्छ | खाद्यान्न बालिमा यस गाउँपालिका साधारणतया जीविकोपार्जन मुखी भएतापनि अन्य नगदे बालीहरु फलफुल (कागती, सुन्तला, जुनार, निबुवा, अम्बा), तरकारी, पशुजन्य उत्पादन, दलहन, तेलहन आदि बाहिर बजारमा निकासी गरेको देखिन्छ | ८०% जनसख्या कृषिमा आधारित यस गाउँ पालिकामा कृषि उत्पादनका लागि पकेट क्षेत्रहरु निर्धारण गरिएको छ | यस गाउँ पालिकामा तराई देखि हिमाली क्षेत्रमा हुन सक्ने प्राय सबै प्रकारका खेतिहरु हुन सक्ने भएकोले उचाई र ठाउँ अनुसारको कृषि उत्पादनका लागि पकेट क्षेत्रहरु घोषणा गरिएको छ | जस अन्तर्गत यस गाउँ पालिकाले खाद्यान्न बालि, ब्यबसायिक तरकारी खेती, फलफुल खेति, अलैची खेति, मौरी पालन, आलु, दलहन, तेलहन आदि उत्पादनका लागि पकेट क्षेत्र घोषणा गरि कृषि बिकासका कार्यक्रमहरु लागु भएको छ |

महाबु गाउँपालिका जडीबुटी र खनिजको लागि पनि धनी क्षेत्र रहेको छ| वडा नं. ४ र ६ का सामुदायिक वन र लेकमा विभिन्न प्रकारका जडीबुटीहरु पाइन्छन । वडा नं. ४ को सामुदायिक वनमा सुनकाउली, काउलो, समायो, सुनाखरी, सुनगाभा, सुगन्धवाल, र वडा नम्वर ६ को अम्फी गहिरा, फुलबारी र महावु लेकमा पाँच औले, हतपसारो, हत्कले, निरमसी, सतुवा, गुच्छी च्याउ, बन लसुन, र बहुमुल्य यार्चागुम्बा लगायतका दर्जनौं जडीबुटीहरूको उत्पादन हुन गरेको पाइन्छ । वडा नं. ४ को २ वटा सामुदायिक वनबाट सबैभन्दा बढी सुनकाउली र काउलो गरी वार्षिक ७० क्विण्टल र वडा नं. ६ को महावु लेकबाट वार्षिक ७ किलो यार्चागुम्बा उत्पादन र विक्रि वितरण भएको तथ्याङ्कले देखाएको छ । सामान्यतया निम्न अनुसारका वस्तुहरु यस गाउँपालिकाबाट निकासी हुने गरेका छन् |

तालिका नं १६: गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुहरुको विवरण

| क्र.सं. | वस्तुहरुको नाम | निकासी हुने सामग्रीहरुको नाम |
|---|---|---|
| १ | कृषि जन्य | तरकारी, लसुन, मुसुरो, केराउ, आलु, बोडी, गहुँ, मकै, तोरी, तिल, फलफुल (कागती, सुन्तला, जुनार, निबुवा, अम्बा, ओखर) आदि |
| २ | पशु जन्य | खसी, बाख्रा, कुखुरा, घिउ, मह |



बहादुर शाही
अध्यक्ष

| | | |
|---|---|---|
| ३ | बन तथा जडिबुटी | सुनकाउली, काउलो, समायो, पाँचऔंले, हतपसारो, हत्कले, निरमसी, यार्चागुम्वा, गुच्छी च्याउ, सुनाखरी, सुगन्धवाल, सुनगाभा, बन लसुन, सतुवा, आदि |
| ४ | खनिज जन्य | गन्धक, खरीढुंगा, चुनढुंगा खानी, अभ्रख खानी, तामा खानी, नदीको ढुंगा, गिट्टी, वालुवा, आदि |

श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६ र महाबु गाउँपालिकाको भिडियो डकुमेन्ट्री

### २.५.३ कृषि योग्य जमिन र सिंचाई सुबिधा

यस गाउँपालिका क्षेत्रमा रहेका कृषियोग्य जमिन मध्ये ४४,७२० रोपनी परिवार आफैले आफना जग्गा कमाएका र अरुलाइ कमाउन दिएका ८२५ रोपनी जग्गा गरी कुल ४५,५४५ रोपनी जमिनमा खेति गरेको देखिन्छ। गाउँ पालिकामा खेति गरेको जमिन मध्ये ४१.५३% जमिन खेत र ५८.४७% जमिन पाखाबारी रहेको छ । कुल क्षेत्रफलको जम्मा १०% प्रतिशत जमिन मात्र सिंचित रहेको छ । करिव ९८% क्षेत्रफलमा जग्गाधनी आफैले खेती गरेका छन भने २% क्षेत्रफलको जमिन अरुको कमाएका छन ।

तालिका नं १७: वडा अनुसार घरपरिवारले खेति गरेको जग्गा र सिंचित क्षेत्रफल्

| वडा नं. | जग्गाको विवरण | खेत (रोपनी) | पाखो/बारी (रोपनी) | जम्मा क्षेत्रफल (रोपनी) | सिंचित क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|
| १ | अरुको कमाएको जग्गा | १२४ | १०५ | २२९ | १ |
| | आफ्नो जग्गा आफैले कमाएको | ४७३९ | ५६३५ | १०३७४ | ७४ |
| | कुल जग्गा | ४८६३ | ५७४० | १०६०३ | ७५ |
| २ | अरुको कमाएको जग्गा | ७८ | १४ | ९२ | १६ |
| | आफ्नो जग्गा आफैले कमाएको | १७९२ | २१४२ | ३९३४ | ७१८ |
| | कुल जग्गा | १८७० | २१५६ | ४०२६ | ७३४ |
| ३ | अरुको कमाएको जग्गा | ११८ | ४७ | ९ | ७१ |
| | आफ्नो जग्गा आफैले कमाएको | ४७११ | ३९४० | २१८४ | २४५३ |
| | कुल जग्गा | ४८२९ | ३९८७ | २१९३ | २५२४ |
| ४ | अरुको कमाएको जग्गा | १५ | ९ | २४ | १६ |
| | आफ्नो जग्गा आफैले कमाएको | ३८४६ | १०२६८ | १४११४ | २६ |
| | कुल जग्गा | ३८६१ | १०२७७ | १४१३८ | ४२ |
| ५ | अरुको कमाएको जग्गा | १३५ | १२७ | २६२ | २४ |
| | आफ्नो जग्गा आफैले कमाएको | १७५३ | २१२४ | ३८७७ | १२७ |
| | कुल जग्गा | १८८८ | २२५१ | ४१३९ | १५१ |
| ६ | अरुको कमाएको जग्गा | ३० | २३ | ५३ | २९ |



महाबु गाउँपालिका
बहादुर शाही
अध्यक्ष

| वडा नं. | जग्गाको विवरण | खेत (रोपनी) | पाखो/बारी (रोपनी) | जम्मा क्षेत्रफल (रोपनी) | सिंचित क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|
| | आफ्नो जग्गा आफैले कमाएको | १५७२ | २१९८ | ३७७० | १०५४ |
| | कुल जग्गा | १६०२ | २२२१ | ३८२३ | १०८३ |
| जम्मा | अरुको कमाएको जग्गा | ५०० | ३२५ | ८२५ | १५७ |
| | आफ्नो जग्गा आफैले कमाएको | १८४१३ | २६३०७ | ४४७२० | ४४५२ |
| | कुल जग्गा | १८९१३ | २६६३२ | ४५५४५ | ४६०९ |

श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

## २.५.४ बन क्षेत्र तथा ब्यबस्थापन

यस गाउँ पालिकामा ५,३९४ हेक्टर क्षेत्रफ़ल् मा बन क्षेत्र फैलिएको छ , जुन कुल जमिनको ४८.७% क्षेत्रफ़ल् हो | यस गाउँपालिकाको विभिन्न वडाहरु बन पैदावार तथा जैविक विविधताका दृष्टिले महत्वपूर्ण क्षेत्र मानिन्छन | महाबु गाउँपालिकामा हाल विभिन्न २३ वटा सामुदायिक बन, ३ वटा साझदारी बन र २ वटा कबुलियत बनहरु रहेका छन् | भने बाँकि सरकारी तथा संरक्षित् बन रहेको छ |

तालिका नं १८: गाउँपालिकामा रहेको बन क्षेत्र तथा ब्यबस्थापन विवरण

| बनको प्रकार | संख्या | समेटेको घरधुरी | काठ (क्यू.फि.) | दाउरा (भारी) | जडिबुटी (केजी) |
|---|---|---|---|---|---|
| सामुदायिक बन | २३ | ४३६२ | ४६४१.६९ | ५२९६१ | ५३१ |
| साझेदारी बन | ३ | २१६ | ३८० | ६१०० | |
| कबुलियत बन | २ | ५१ | १५ | ८० | |
| कुल जम्मा | २८ | ४६२९ | ५०३६.६९ | ५९१४१ | ५३१ |

श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

## २.५.५ आर्थिक रुपले सक्रिय जनसंख्या

यस गाउँपालिकाका जम्मा २६०३ जना अर्थात कुल जनसङख्याको ११.६९ प्रतिशत जनसङख्या बैदेशिक रोजगारमा सलग्न रहेका छन । भारत, खाडी मुलुक लगायत अन्य मुलुकहरूमा यस भेगका मानिसहरू रोजगारीका लागि गएका छन । रोजगारीका लागि सवैभन्दा वढि ८८.४० प्रतिशत जनसङख्या भारत जाने गरेको पाइएको छ भने खाडी मुलुकमा १०.०७ प्रतिशत जनसङख्या रोजगारीका लागि गएको देखिन्छ। अन्य मुलुकमा जानेका सङख्या जम्मा ४० जना रहेका छ जुन कुल बैदेशिक रोजगारी सङख्याको १.५४ प्रतिशत मात्र हो । लैङगिक वितरणका आधारमा हेर्दा बैदेशिक रोजगारीमा जाने पुरुषहरू ९७.६६ प्रतिशत रहेका छ भने महिलाका वैदेशिक रोजगारीमा ज्याद न्यून उपस्थिति रहेको छ। महिलाहरू जम्मा ६१ जना अर्थात २.३४ प्रतिशत मात्र बैदेशिक

रोजगारीमा सलग्न छन । गाउँपालिकाबाट बैदेशिक रोजगारीमा गएका महिला र पुरुषहरुको विवरण निम्न बमोजिम रहेको छ|

तालिका नं १९: लिंग अनुसार बैदेशिक रोजगारीमा गएका जनसंख्या विवरण

| | लिङ्ग | बैदेशिक रोजगारीमा गएका जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | भारत | खाडी मुलुक | अन्य मुलुक | जम्मा |
| जम्मा जनसंख्या | महिला | ५२ | ६ | ३ | ६१ |
| | पुरुष | २२४९ | २५६ | ३७ | २५४२ |
| | जम्मा | २३०१ | २६२ | ४० | २६०३ |
| प्रतिशत | महिला | २.००% | ०.२३% | ०.१२% | २.३४% |
| | पुरुष | ८६.४०% | ९.८३% | १.४२% | ९७.६६% |
| | जम्मा | ८८.४०% | १०.०७% | १.५४% | १००.००% |

श्रोतः महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

## २.५.६ विपन्नता स्तरीकरण

आफनै कृषि उत्पादनले आफना परिवारलाई वर्षभरि वा ९ देखि १२ महिना खान पुग्ने परिवार सङ्ख्या एकदम न्यून करिब ६ प्रतिशत मात्र हुनुले अन्य रोजगारीका विकल्पहरूद्वारा पेट पाल्न पर्ने देखिन्छ । आफनो कृषि उत्पादनले ३ महिनाभन्दा कम खान पुग्ने परिवार सङ्ख्या ३७.३८ प्रतिशत, ३ देखि ६ महिना मात्र खान पुग्नेका परिवार सङ्ख्या ४१.४५ प्रतिशत हुनले यस क्षेत्रका न्यून उपादनलाई दर्शाउँछ। यो तथ्याङकलाइ हेर्दा यस क्षेत्रमा कृषि उत्पादनमा भर पर्ने हो भने विपन्न आर्थिक अवस्था हुने जनसङख्या करिव ७८ प्रतिशत हुन आउँछ । आफनो उत्पादनले ६ देखि ९ महिना खान पुग्ने परिवार सङ्ख्या जम्मा ५१८ अर्थात १४.७७ प्रतिशत रहेको छ भने आफनो उत्पादनले खान पुगेर वेचविखन गर्ने सङ्ख्या ०.५९ प्रतिशत मात्र छ । जम्मा २१ घरपरिवारले मात्र आफुलाइ खान पुगेर बेचबिखन गर्ने गर्छन ।

तालिका नं २०: वडा अनुसार विपन्नता स्तरीकरण

| वाड नं. | आफ्नो उत्पादनले परिवारलाई खान पुग्ने महिना अनुसार कृषक परिवार सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | ३ महिनाभन्दा कम खान पग्ने | ३-६ महिना खान पग्ने | ६-९ महिना खान पग्ने | ९-१२ महिना खान पग्ने | आफ्नो उत्पादनले खान पुगेर पनि वेचविखन गर्ने | कुल जम्मा |
| १ | [illegible] | ३३८ | ९८ | ३८ | [illegible] | [illegible] |
| २ | [illegible] | १७४ | १२९ | [illegible] | [illegible] | [illegible] |
| ३ | [illegible] | ३२५ | १३९ | [illegible] | [illegible] | [illegible] |
| ४ | [illegible] | १९५ | ५७ | २३ | [illegible] | [illegible] |
| ५ | [illegible]८ | १४६ | ४४ | २४ | [illegible] | ४८४ |
| ६ | [illegible]३ | २७६ | ५१ | [illegible] | ० | [illegible]८० |
| कुल जम्मा | [illegible]३[illegible] | १४५४ | ५१८ | २०३ | [illegible] | ३५०७ |



बहादुर शाही
अध्यक्ष

| आफ्नो उत्पादनले परिवारलाई खान पुग्ने महिना | कृषक परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ३ महिनाभन्दा कम खान पुग्ने | । ३ । | ३७.३८ |
| ३ - ६ महिना खान पुग्ने | १४५४ | ४१.४५ |
| ६ - ९ महिना खान पुग्ने | १८ | १४.७७ |
| ९ - १२ महिना खान पुग्ने | २०३ | ५.७८ |
| आफ्नो उत्पादनले खान पुगेर पनि वेचविखन गर्ने | । । | ०.५९ |
| जम्मा | ३ ० | १००.०० |

श्रोत: महाबु गाउँपालिकाको पार्श्वचित्र २०७६

## २.६ खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

यस गाउँपालिकामा एस एन भी नेपालको कार्यक्रम अन्तर्गत सन् २०२० मा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था अध्ययन गर्दा यस गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्था देहाय बमोजिम रहेको देखिएको छ।

खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था र सुझाब:

- खानेपानी, सरसफाई तथा स्वच्छता आयोजनाहरुमा महिलाहरुको लागि आयआर्जन कार्यक्रमहरुको अवसर नरहेको
- खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका बैठक, छलफल एवं निर्णय गर्ने प्रक्रियामा महिला र पुरुष दुबैको समान सहभागिता हुने नगरेको। यस्ता बैठकहरुमा महिलाहरुको सहभागिता नगन्य रहने गरेको र निर्णय प्रक्रियामा पुरुषहरुको प्रभुत्व रहने गरेको।

खानेपानीमा अपांगता भएका व्यक्तिहरुको समावेशीकरणको अवस्था र सुझाब:

त्यसै गरि एस एन भी नेपाल र सिविएम को संयुक्त पहलमा सन् २०१९ मा गरिएको अर्को अध्ययनले अपांगता भएका व्यक्तिहरुको समावेशिताको अवस्था निम्न अनुसार देखाएको छ।


- यस पालिकाका दुर्गम क्षेत्रका अपांगता भएका व्यक्तिहरुले सरकारबाट उपलब्ध हुने कुनै पनि सहयोग नलिएको अवस्था देखिएको छ। दुर्गम क्षेत्रका अपांगता भएका व्यक्तिहरुले सरकारबाट उपलब्ध सहयोग लिन नसक्नुका निम्न अनुसारका कारणहरु मुख्यतया देखिएका छन्।
    - अपांगताको परिचय पत्र लिनको लागि सरकारी प्रशासनिक केन्द्र टाढा भएको
    - अपांगता भएको मेडिकल प्रमाणपत्र लिनको लागि गाह्रो भएको
    - अपांगता भएका व्यक्तिहरुको लागि संशोधित कानुन कार्यान्वयन गर्न प्रशासनिक ढिलाई भएको
- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरुमा दैनिक व्यक्तिगत कार्य गर्न धेरै कठिनाई भएको र बहु-अपांगता भएको पाइएको छ।

- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरु र उनीहरुको हेरचाह गर्ने व्यक्तिहरुलाई यस गाउँपालिकामा संचालन भईरहेको खानेपानी, सरसफाई तथा स्वच्छता सचेतना अभिवृद्धि कार्यक्रम, साथै छाउपडी न्यूनीकरण गरि महिलाहरुको महिनावारी स्वच्छताको लागि खानेपानीमा सधैं सहज पहुँच वृद्धि गर्ने सचेतना कार्यक्रमको विषयमा जानकारी नभएको पाईयो |
- यस गाउँपालिकाका अपांगता भएका महिलाहरु र उनीहरुका हेरचाह गर्ने व्यक्तिहरुको अपांगता भएका पुरुषहरुको तुलनामा समुदाय स्तरका बैठकहरुमा सहभागिता कम देखिएको छ | यस गाउँपालिकामा सामुदायिक बैठकहरुमा सहभागी हुने अपांगता भएका व्यक्तिहरुमा पुरुषहरु नै देखिएको छ जो अपांगता भएका व्यक्तिहरुको संस्थामा समेत संलग्न रहेको देखिएको छ |
- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरु र उनीहरुका हेरचाह गर्ने व्यक्तिहरु समुदायमा हुने कार्यक्रमहरुमा कम सहभागिता हुनुका धेरै कारणहरु देखिएका छन् | धेरै कारणहरु मध्ये केहि कारणहरु देहाय अनुसारका रहेका छन् |
    - अपांगता भएका व्यक्तिहरु प्रति समुदायको नकारात्मक धारणा रहेको
    - व्यक्ति र जमिनको अवस्था अनुसार मिलाउन सकिने सहयोगी उपकरणहरूको अभाव रहेको
    - अपांगता भएका व्यक्तिहरु प्रति समुदायको नकारात्मक धारणा रहेको कारणले बैठकहरुमा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता हुनमा निरुत्साह गरेको

- यी अध्ययनहरुमा खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था सुधारका लागि गाउँपालिकालाई निम्न अनुसारका सुझाबहरु संलग्न छन् |
    - खानेपानी आयोजनाको तथ्यांक अद्यावधिक गर्दा अपांगता भएका व्यक्ति र अपांगताको विवरणका तथ्यांकहरु समावेश गर्ने
    - खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका बैठकहरु र खानेपानी आयोजना संचालन ब्यबस्थापनका छलफलहरुमा अपांगता भएका व्यक्तिहरुको सहभागिताको लागि प्रोत्साहन गर्ने
    - स्थानीय सरकार र सहयोगी निकायहरुले अपांगता भएका महिलाहरुको अधिकारको पहिचान गर्ने र खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाका मुद्धाहरुमा नियमित रुपमा परामर्श गर्ने |
    - खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरणमा यस गाउँपालिकामा काम गर्ने संस्थाहरुको सुची तयार गर्ने
    - लक्षित् वर्ग (अल्पसख्यक, आदि) को खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका र आयोजनाका बैठकहरुमा सहभागिता बढाउने सम्बन्धमा गाउँपालिकाका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने
    - अपांगता भएका व्यक्तिहरुको सहायता केन्द्र स्थापना र संचालन गर्न सहयोग (आर्थिक र विज्ञ परामर्श) गर्ने
    - खानेपानी आयोजनाहरुलाई लैगिक समानता तथा समाबेशीकरण सम्बन्धमा तालिम दिने
    - लैंगिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति प्राथमिकताका साथ बनाई खानेपानी आयोजनाहरुमा कार्यान्वयन गर्ने

- खानेपानी आयोजनामा समावेस हुनुपर्ने लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरु :
  - नेतृत्व विकास क्षमता अभिवृद्धि तालिम
  - अपांगता भएका व्यक्तिहरुको खानेपानी तथा सरसफाईमा पहुँचको लागि उपयुक्त बाटो सुबिधाको अडिट
  - खानेपानी आयोजना संचालन ब्यबस्थापनमा महिला सहभागिता र महिलाहरुको आयआर्जन वृद्धिको अवसर
  - व्यवहार परिवर्तन संचार संदेश दिंदा संवेदनशिल हुने (ब्यबहार परिवर्तनलाई व्यक्तिको मर्यादा र स्वास्थ्यसंग केन्द्रित गर्ने)
  - एक-घर-एक-धारा अवधारणाको कार्यान्वयनलाई निरन्तरता दिई कोहि पनि नछुट्ने गरि सबैलाई खानेपानीको पहुँच सुनिस्चित गर्ने

## २.७ महाबु गाउँपालिकाको संगठनात्मक संरचना




चित्र नं. ३ महाबु गाउँपालिकाको संगठनात्मक ढांचा

## गाउँ कार्यपालिका समिति र उप-समितिहरुको संरचना

गाउँपालिकाको कार्यपालिकाले आफ्नो काम कारबाहीलाई थप ब्यबस्थित रुपमा संचालन गरि कार्य सम्पादन स्तर गुणात्मक बनाई उच्चतम नतिजा प्राप्त गर्न गाउँपालिकाको बिषयगत क्षेत्रमा विशिष्टीकृत रुपमा नीति, योजना तथा कार्यक्रम संचालन गरि कार्यपालिकाको बैठकको उपलब्धिलाई अझ वृद्धि गर्न नेपालको संबिधान २०७२ अनुसार कार्यपालिकाले निम्न अनुसारका कार्यपालिका समिति उपसमिति गठन गर्न सक्नेछ |

१ सुशासन समिति
२ आर्थिक विकास समिति
३ सामाजिक विकास समिति
४ बिधायक समिति
५ राजस्व परामर्श समिति
६ पुर्बाधार समिति
७ बन तथा वाताबरण समिति
८ भवन व्यवस्था समिति
९ सूचना प्रविधि समिति
१० सम्पदा तथा पर्यटन समिति
११ विपद ब्यबस्थापन समिति

### समिति गठन

१ नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन र अन्य प्रचलित नेपाल कानुनले स्थानीय तहलाई उपलब्ध गराइएको अधिकारको समुचित प्रयोग गर्दै स्थानीय शासन प्रशासन लाई ब्यबस्थित बनाई जानसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिस्चित गरि सुलभ र गुणस्तरीय सेवा प्रबाह गर्न मद्धत पुराउने उद्धेश्यले महाबु गाउँपालिका अन्तर्गत बिषयगत क्षेत्रमा केन्द्रित भई विशिष्टीकृत रुपमा विषयहरु उपर छलफल गरि निस्किएका निचोड तथा प्रस्ताब लाई प्रमुख मार्फत कार्यपालिकामा पेश गरि आबश्यक कानुन, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने तथा अनुगमन मार्फत उपलब्धिलाई उच्चतम गराउन आबश्यक देखिएमा संस्थागत तथा बिषयगत क्षेत्रलाई आधार मानी कार्यपालिका मातहत रहने समिति / उप-समिति गठन गर्न सक्नेछ |

२ उपनियम १ बमोजिमका समितिहरु गठन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ |कार्यपालिकाको सदश्य मध्येबाट संयोजक १, सदस्य बढीमा ३ जना र सदस्य सचिवमा सम्बद्ध शाखाको प्रमुख रहने गरि समिति संरचना हुनेछ | समितिको बैठकमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन | अध्यक्ष र उपाध्यक्ष बाहेक कार्यपालिकाको सदस्य कुनै एक बिषयगत समितिमा मात्र संयोजक वा सदस्य हुन सक्नेछन |

### उप समिति गठन

समितिले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा विस्तृत अध्ययन विश्लेषण गर्न बढीमा ३ सदस्यीय उपसमिति गठन गरि जिम्मेवारी तोक्न सक्नेछ |

## २.८ हाल गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरु

महाबु गाउँपालिकाको विकास र सम्वृद्धिमा ठुलो भूमिका र योगदान पुराउने हेतुले विभिन्न सरकारी र गैरसरकारी संघ संस्थाहरु पनि लागेका छन् | खानेपानी, सरसफाई, स्वच्छता, लैंगिक तथा समाबेशी, खानेपानी सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि, आदि क्षेत्रमा सरकारी र गैरसरकारी संस्थाहरुले गाउँपालिकालाई सहयोग गरेका छन् | संघिय/प्रदेश सरकारका आयोजनाहरु र विभिन्न विकास साझेदार अन्तरराष्ट्रिय संस्थाहरु र यिनको सहयोगमा संचालित संस्थाहरु यस गाउँपालिकामा कार्यरत रहेका छन् | यस गाउँपालिकामा निम्न अनुसारका सरकारी र राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरु कार्यरत रहेको विवरण छलफल र अभिलेखबाट देखिएको छ |

तालिका नं २१: महाबु गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरुको विवरण

| क्र. सं. | कार्यरत संस्थाको नाम | संस्थाको प्रकार | कार्यक्रम लागु भएका वडा नं.हरु | कार्य क्षेत्र | विकास साझेदार: राष्ट्रिय/अन्तरराष्ट्रिय संस्था |
|---|---|---|---|---|---|
| १ | एभरेस्ट क्लब | गैर सरकारी संस्था | सबै वडाहरु | खानेपानी, सरसफाई र स्वच्छता | एस एन भी नेपाल |
| २ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम / गोर्खा वेलफेयर ट्रस्ट | गोर्खा वेलफेयर ट्रस्ट नेपाल | सबै वडाहरु | खानेपानी, सरसफाई, स्वच्छता | गोर्खा वेल्फेयर ट्रष्ट नेपाल |
| ३ | संघिय खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, सुर्खेत | संघिय सरकार | वडा नं. १,२,३,४,६ | ठुला खानेपानी आयोजना निर्माण | संघिय सरकार |
| ४ | खानेपानी तथा सरसफाई उपभोक्ता संस्था महसंघ | खानेपानी तथा सरसफाई उपभोक्ता संस्था महसंघ, महाबु | सबै वडाहरु | खानेपानी उपभोक्ता संथाहरुको क्षमता अभिवृद्धि, गाउँपालिकासंग सहकार्य | खानेपानी तथा सरसफाई उपभोक्ता संस्था महसंघ नेपाल |
| ५ | वार्मपी/हेल्भेटास | प्रोजेक्ट | सबै वडाहरु | खानेपानी, सरसफाई र स्वच्छता | हेल्भेटास नेपाल |

# ३ परिच्छेद ३. खानेपानी अवस्थाको विस्लेषण

## ३.१ विद्यमान खानेपानी आयोजना

सन् २०१९-२०२० मा एस एन भी को सहकार्यमा गरेको खानेपानी सेवास्तर सर्बेक्षण अनुसार महाबु गाउँपालिकामा जम्मा ५० विद्यमान खानेपानी आयोजना रहेका छन् जस मध्ये ४६ पाइपलाइन आयोजना र ४ वटा मुहान सुधार



बहादुर शाही
अध्यक्ष

आयोजना रहेका छन् । यस पालिकाका ५० आयोजनाहरुबाट २१५० घरपरिवार, ८ स्वास्थ्य संस्था र २७ विद्यालयहरुलाइ समेटेको छ । हाल संचालनमा रहेका विद्यमान ४६ पाइपलाईन आयोजनाहरुबाट २०२३ घरपरिवार, ८ स्वास्थ्य संस्था र २६ विद्यालयहरुलाई खानेपानी सेवा पुगेको छ । साथै १२७ घरपरिवार र १ विद्यालयलाई ४ वटा मुहान सुधार प्रणाली आयोजनाबाट खानेपानी सेवा उपलब्ध रहेको छ (तालिका २२) ।

तालिका नं २२: खानेपानी आयोजना संख्या र सेवा वितरण

| आयोजनाको प्रकार | आयोजना संख्या | घर परिवार संख्या | स्वास्थ्य संस्था संख्या | विद्यालय संख्या |
|---|---|---|---|---|
| संचालनमा रहेका आयोजना | **५०** | **२१५०** | **८** | **२७** |
| पाइपलाईन प्रणाली | ४६ | २०२३ | ८ | २६ |
| मुहान सुधार प्रणाली | ४ | १२७ | ० | १ |
| जम्मा | **५०** | **२१५०** | **८** | **२७** |

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

संचालनमा रहेका पाइपलाइन आयोजनाहरुबाट ३४.८% घरधुरीलाई खानेपानीको निजि धाराको सुबिधा रहेको छ भने ६५.२% घरधुरीलाई सामुदायिक धाराको सेवा उपलब्ध छ । यी आयोजनाबाट ८ वटै स्वास्थ्य संस्था र २७ वटै बिद्यालयहरुमा संस्थाको परिसरमा निजि धारा जडान भएको छ (तालिका २३) ।

तालिका नं २३: धारा जडानको प्रकार अनुसार विद्यमान पाइपलाइन आयोजनाबाट सेवा %

| धारा जडानको प्रकार | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % |
|---|---|---|---|
| सामुदायिक धारा | ६५.२ | ०.० | ०.० |
| निजि धारा | ३४.८ | १००.० | १००.० |
| कार्यालय, उद्योग, होटेल, आदिका लागि धारा | ०.० | ०.० | ०.० |
| जम्मा | **१००.०** | **१००.०** | **१००.०** |

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

## ३.२ खानेपानीको गुणस्तर परिक्षण

प्रत्येक आयोजनाको वितरण पाइपलाईनको सबै भन्दा टाढाको धारा जहाँ लामो पाइपलाइनको कारणले गर्दा प्रदुषणको सबै भन्दा उच्च जोखिम हुन्छ त्यस्ता प्रत्येक आयोजनामा १-३ धाराहरु छनौट गरेर पानी परिक्षण गरि सबै भन्दा नराम्रो गुणस्तर (धेरै इ-कोलाई) रहेको धाराको आधारमा त्यस आयोजनाको पानीको गुणस्तर निर्धारण गरिएको छ । यसरि यस गाउँपालिकामा २५.५% आयोजनामा सुन्य इ-कोलाई अर्थात् सुरक्षित् गुणस्तरको पानी रहेको देखिन्छ । यसरि उक्त आयोजनाहरुबाट सुरक्षित् गुणस्तरको पानी सेवा लिएका घरहरु २८.८%, स्वास्थ्य संस्था ०% र २५.९% विद्यालय रहेका छन् ।

तालिका नं २४: हाल संचालनमा रहेका खानेपानी आयोजनाबाट वितरित धाराको पानीमा इ-कोलाई परिक्षणको नतिजा

| इ-कोलाई परिक्षण नतिजा | आयोजना % | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % |
|---|---|---|---|---|
| सुन्य इ-कोलाई | २५.५ | २८.६ | ०.० | २५.९ |
| १० इ-कोलाई | १९.६ | १६.० | २५.० | १४.८ |
| २० इ-कोलाई | १९.६ | १२.६ | ५०.० | २९.६ |
| ५० इ-कोलाई | २३.५ | ३०.० | २५.० | २५.९ |
| १०० इ-कोलाई | २.० | ०.७ | ०.० | ०.० |
| २०० इ-कोलाई | ७.८ | ३.५ | ०.० | ३.७ |
| ५०० इ-कोलाई | २.० | ८.७ | ०.० | ०.० |
| १००० इ-कोलाई | ०.० | ०.० | ०.० | ०.० |
| गणना गर्न नसकिने इ-कोलाई | ०.० | ०.० | ०.० | ०.० |
| **जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

## ३.३ खानेपानीको सेवास्तर विश्लेषण

### ३.३.१ खानेपानीको गुणस्तर सेवास्तर

यस गाउँपालिकाको विद्यमान खानेपानी आयोजनाको नमुना धाराको पानीमा इ-कोलाई परिक्षण गर्दा २४.२% घरपरिवार उच्च, ७५.८% निम्न गुणस्तर सेवा स्तरमा रहेका छन् | सबै (१००%) स्वास्थ्य संस्थाहरुमा खानेपानीको गुणस्तर सेवा निम्न स्तरको रहेको छ | १८.५% विद्यालयहरुमा खानेपानीको गुणस्तर सेवा स्तर उच्च रहेको छ भने ८१.५% मा निम्न गुणस्तर सेवा रहेको छ (तालिका २५) |

तालिका नं २५: महाबु गाउँपालिकामा खानेपानीको गुणस्तर सेवास्तर अवस्था

| गुणस्तर सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| निम्न (१) स्तर | ७५.८ | १००.० | ८१.५ | ८४.० |
| आधारभुत (२) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| मध्यम (३) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| उच्च (४) स्तर | २४.२ | ०.० | १८.५ | १६.० |
| जम्मा | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

### ३.३.२ खानेपानीको परिमाण सेवास्तर

यस गाउँ पालिकामा रहेका विद्यमान ५० खानेपानी आयोजनाहरु मध्ये २४% आयोजनाहरुको परिमाण सेवास्तर उच्च, ३०% मध्यम, २६% आधारभुत, १०% निम्न र १०% सुन्य रहेको छ| यी आयोजनाले समेटेका घरधुरीहरुमा १४.८% मा उच्च, २६.५% मा मध्यम, २९.३% मा आधारभुत, १७.६% मा निम्न र ११.८% मा सुन्य परिमाण सेवा स्तर रहेको छ| यसै गरि २५% स्वास्थ्य संस्थामा उच्च, २५% मा मध्यम, ३७.५% मा आधारभुत, र १२.५% मा सुन्य परिमाण सेवा स्तर रहेको छ| त्यसैगरि १८.५% बिद्यालयमा उच्च, ७.४% मा मध्यम, ५१.९% आधारभूत, १४.८% निम्न र ७.४% मा सुन्य परिमाण सेवा स्तर रहेको छ (तालिका २६) |

तालिका नं २६: महाबु गाउँपालिकामा खानेपानीको परिमाण सेवास्तर अवस्था

| परिमाण सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ११.८ | १२.५ | ७.४ | १०.० |
| निम्न (१) स्तर | १७.६ | ०.० | १४.८ | १०.० |
| आधारभुत (२) स्तर | २९.३ | ३७.५ | ५१.९ | २६.० |
| मध्यम (३) स्तर | २६.५ | २५.० | ७.४ | ३०.० |
| उच्च (४) स्तर | १४.८ | २५.० | १८.५ | २४.० |
| **जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

### ३.३.३ खानेपानीको पहुँच सेवास्तर

यस गाउँपालिकामा हाल रहेका विद्यमान ५० आयोजनाले सेवा पुराएका २१५० घरधुरी मध्ये ३४.८% घरधुरीलाई निजि धारा प्रणाली वितरण भएको छ जसले १२.७% घरपरिवारमा उच्च स्तरको पहुच सेवा उपलब्ध छ| ५४% आयोजनामा आधारभुत स्तरको पहुच छ जसले ५३% घरपरिवारलाई आधारभुत स्तरको पहुच पुराएको छ| ३०% आयोजनामा खानेपानी धाराको पहुँच निम्न स्तरको रहेको छ जसले ३४.३% घरधुरीलाई यस्तो निम्न स्तरीय सेवा दिएको छ (तालिका २७) |

तालिका नं २७: महाबु गाउँ पालिकामा खानेपानीको पहुँच सेवास्तर अवस्था

| पहुँच सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| निम्न (१) स्तर | ३४.३ | १२.५ | १८.५ | ३०.० |
| आधारभुत (२) स्तर | ५३.० | ३७.५ | ४४.४ | ५४.० |
| मध्यम (३) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| उच्च (४) स्तर | १२.७ | ५०.० | ३७.० | १६.० |
| **जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

## ३.३.४ खानेपानीको विश्वसनीयता सेवास्तर

यस गाउँपालिकामा रहेका ५० विद्यमान खानेपानी आयोजनाहरु मध्ये २४% आयोजनामा खानेपानीको विश्वसनीयता सेवास्तर उच्च रहेको छ जसले १४.७% घरपरिवार, २५% स्वास्थ्य संस्था, र १८.५% विद्यालयलाई सो उच्च स्तरको सेवा पुराएको छ | त्यसैगरि ७६% आयोजनाहरुमा खानेपानी विश्वसनीयता सेवा निम्न स्तरको रहेको छ जसले ८५.३% घरधुरी, ७५% स्वास्थ्य संस्था, र ८१.५% विद्यालयहरुमा सो निम्न स्तरीय सेवा पुराएको छ (तालिका नं. २८) |

तालिका नं २८: महाबु गाउँपालिकामा खानेपानीको विश्वसनीयता सेवास्तर अवस्था

| विश्वसनीयता सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| निम्न (१) स्तर | ८५.३ | ७५.० | ८१.५ | ७६.० |
| आधारभुत (२) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| मध्यम (३) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| उच्च (४) स्तर | १४.७ | २५.० | १८.५ | २४.० |
| **जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

## ३.३.५ खानेपानीको समग्र सेवास्तर

यस गाउँपालिकाका ५० विद्यमान आयोजनाहरु मध्ये सबै आयोजनाहरुको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल रहेको छ | ९०% आयोजनाहरुमा समग्र सेवास्तर निम्न स्तरको रहेको छ जसले ८८.२% घरपरिवार, ८७.५% स्वास्थ्य संस्था, र ९२.६% विद्यालयहरुलाई सो स्तरको खानेपानी सेवा दिएको छ | त्यस्तै १०% आयोजनाहरुको समग्र खानेपानी सेवास्तर सुन्य रहेको छ जसले ११.८% घरपरिवार र १२.५% स्वास्थ्य संस्था, र ७.४% विद्यालयहरुको खानेपानी समग्र सेवास्तर सुन्य स्तरको रहेको छ (तालिका २९) |

तालिका नं २९: महाबु गाउँ पालिकामा खानेपानीको समग्र सेवास्तर अवस्था

| समग्र सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ११.८ | १२.५ | ७.४ | १०.० |
| निम्न (१) स्तर | ८८.२ | ८७.५ | ९२.६ | ९०.० |
| आधारभुत (२) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| मध्यम (३) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| उच्च (४) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| **जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

### ३.३.६ खानेपानीको समग्र सेवास्तर निम्न हुनुका कारणहरुको विश्लेषण

**घरधुरीहरुको समग्र सेवास्तर विश्लेषण**

यस गाउँपालिकामा विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका २१५० घरपरिवारहरुको गुणस्तर, परिमाण, पहुँच र विश्वशनीयता सूचकहरु अनुसारको खानेपानी सेवास्तर अवस्था तालिका नं. ३० र ३१ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ। यस गाउँपालिकाका घरधुरीहरुको खानेपानी सेवास्तर अवस्था परिमाण सूचक अनुसार २९.४%, गुणस्तर अनुसार ७५.८%, पहुँच अनुसार ३४.३% र विश्वसनीयता अनुसार ८५.३% आधारभूत भन्दा तल रहेको देखिन्छ। आयोजनाको समग्र सेवास्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्युन सेवास्तर नै त्यस आयोजनाको खानेपानी समग्र सेवास्तर कायम गरिएको छ। यसरि विश्लेषण गर्दा ८५.३% आयोजनाका घरधुरीहरुको विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको र आधारभूत भन्दा माथि रहेका १४.७% आयोजनाहरुको समेत अन्य तिन वटा सूचकहरु मध्ये कुनै एक सूचक अनुसारको सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा यस गाउँपालिकाका सबै (१००%) घरधुरीहरुको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल परेको छ।

तालिका नं ३०: आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (घरपरिवार संख्या)

| खानेपानी सेवा स्तर वर्गीकरण | घरधुरी संख्या | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | २५३ | ० | ० | ० | २५३ |
| निम्न (१) स्तर | ३७९ | १६२९ | ७३७ | १८३५ | १८९७ |
| आधारभुत (२) स्तर | ६३१ | ० | ११४० | ० | ० |
| मध्यम (३) स्तर | ५६९ | ० | ० | ० | ० |
| उच्च (४) स्तर | ३१८ | ५२१ | २७३ | ३१५ | ० |
| जम्मा | २१५० | २१५० | २१५० | २१५० | २१५० |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

तालिका नं ३१: आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवा स्तर र समस्टिगत सेवास्तर अवस्था (घरपरिवार %)

| खानेपानी सेवा स्तर वर्गीकरण | घरधुरी प्रतिशत | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | ११.८ | - | - | - | ११.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| निम्न (१) स्तर | १७.६ | ७५.८ | ३४.३ | ८५.३ | ८८.२ |
| आधारभुत (२) स्तर | २९.३ | – | ५३.० | – | – |
| मध्यम (३) स्तर | २६.५ | – | – | – | – |
| उच्च (४) स्तर | १४.८ | २४.२ | १२.७ | १४.७ | – |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० | १००.० |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

यस गाउँपालिकामा रहेका ५० विद्यमान खानेपानी आयोजनाका सबै २१५० घरधुरीहरुको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल रहेको देखिन्छ | यसका कारणहरु विश्लेषण गर्दा १९४ घरधुरीहरुमा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले, ३३६ घरधुरी विश्वशनियताको कारणले, १३९ घरधुरी ४ वटै सूचकले, ३२० घरधुरी गुणस्तर र विश्वशनीयताले, १२१ घरधुरी गुणस्तर र पहुँचले, ४५४ घरधुरी गुणस्तर, पहुँच र विश्वशनीयताले, ३३१ घरधुरी गुणस्तर, परिमाण र विश्वशनियताले र २५५ घरधुरी सूचकहरुको अन्य बहु संयोजन समेत निम्न रहेको कारणले विद्यमान आयोजनाका घरधुरीहरुको समग्र खानेपानी सेवास्तर आधारभूत तह भन्दा तल रहेको देखिन्छ |

तालिका नं ३२: आयोजनाका घरपरिवारहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु

| समग्र सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु | आयोजना संख्या | घरधुरी संख्या |
|---|---|---|
| गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ९ | १९४ |
| परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ० | ० |
| पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ० | ० |
| विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ६ | ३३६ |
| सबै ४ वटा सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले | ४ | १३९ |
| गुणस्तर र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १० | ३२० |
| गुणस्तर र पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ३ | १२१ |
| गुणस्तर, पहुँच र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ८ | ४५४ |
| गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ६ | ३३१ |
| अन्य बहु सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ४ | २५५ |
| जम्मा आधारभूत भन्दा तल रहेका आयोजना तथा घरधुरी संख्या | ५० | २१५० |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

**स्वास्थ्य संस्थाको समग्र सेवा स्तर विश्लेषण**

यस गाउँपालिकाका विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका 8 स्वास्थ्य संस्थाहरुको सूचक अनुसारको खानेपानी सेवास्तर तालिका नं. ३३ र ३४ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ | यस गाउँपालिकाका स्वास्थ्य संस्थाहरुको खानेपानी सेवास्तर परिमाण सूचक अनुसार 12.5%, गुणस्तर अनुसार १००%, पहुँच अनुसार 12.5% र विश्वसनीयता अनुसार 75% आधारभूत भन्दा तल रहेको देखिन्छ | आयोजनाको समग्र सेवा स्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्यून सेवास्तर नै त्यस आयोजनाको खानेपानी समग्र सेवास्तर कायम गरिएको छ | यसरि १००% संस्थामा गुणस्तर सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा सबै स्वास्थ्य संस्थाहरुको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल परेको छ |

तालिका नं ३३: स्वास्थ्य संस्थाहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (स्वास्थ्य संस्था संख्या)

| खानेपानी सेवा स्तर वर्गीकरण | स्वास्थ्य संस्था संख्या | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | १ | ० | ० | ० | १ |
| निम्न (१) स्तर | ० | ८ | १ | ६ | ७ |
| आधारभुत (२) स्तर | ३ | ० | ३ | ० | ० |
| मध्यम (३) स्तर | २ | ० | ० | ० | ० |
| उच्च (४) स्तर | २ | ० | ४ | २ | ० |
| **जम्मा** | ८ | ८ | ८ | ८ | ८ |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

तालिका नं ३४: स्वास्थ्य संस्थाहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (स्वास्थ्य संस्था%)

| खानेपानी सेवा स्तर वर्गीकरण | स्वास्थ्य संस्था % | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | १२.५ | - | - | - | १२.५ |
| निम्न (१) स्तर | - | १००.० | १२.५ | ७५.० | ८७.५ |
| आधारभुत (२) स्तर | ३७.५ | - | ३७.५ | - | - |
| मध्यम (३) स्तर | २५.० | - | - | - | - |
| उच्च (४) स्तर | २५.० | - | ५०.० | २५.० | - |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० | १००.० |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

विद्यमान खानेपानी आयोजनाले सेवा पुराएका यस गाउँ पालिकाका ८ स्वास्थ्य संस्थाहरु मध्ये ८ वटै स्वास्थ्य संस्थाहरुको समग्र सेवास्तर आधारभूत भन्दा तल रहेको देखिन्छ | यसका कारणहरु विश्लेषण गर्दा २ स्वास्थ्य संस्थामा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले, २ स्वास्थ्य संस्था गुणस्तर र विश्वशनीयताको कारणले, १ स्वास्थ्य संस्थामा गुणस्तर, पहुँच र विश्वशनियताको कारणले , १ स्वास्थ्य संस्थामा गुणस्तर, परिमाण र विश्वशनियताको कारणले र २ स्वास्थ्य संस्थामा बहु-सूचक सेवास्तर निम्न रहेको कारणले स्वास्थ्य संस्थाहरुमा खानेपानीको समग्र सेवास्तर आधारभूत भन्दा तल रहेको देखिन्छ |

तालिका नं ३५: स्वास्थ्य संस्थामा खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्नस्तर हुनुका कारणहरु

| समग्र सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु | स्वास्थ्य संस्था संख्या |
|---|---|
| गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | २ |
| गुणस्तर र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | २ |
| गुणस्तर, पहुँच र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| अन्य बहु सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | २ |
| **जम्मा आधारभूत भन्दा तल रहेका स्वास्थ्य संख्या** | **८** |

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

**विद्यालयको समग्र सेवा स्तर विश्लेषण**

यस गाउँपालिकाका विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका २७ विद्यालयहरुको सूचक अनुसारको खानेपानी सेवास्तर तालिका नं. ३६ र ३७ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ | विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका सबै (१००%) विद्यालयहरुमा खानेपानी समग्र सेवास्तर आधारभुत भन्दा तल रहेको छ | यस गाउँ पालिकाका विद्यालयहरुको खानेपानी सेवास्तर परिमाण सूचक अनुसार २२.२%, गुणस्तर अनुसार ८१.५%, पहुँच अनुसार १८.५% र विश्वसनीयता अनुसार ८१.५% आधारभूत भन्दा तल रहेको देखिन्छ | आयोजनाको समग्र सेवास्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्यून सेवास्तर नै त्यस विद्यालयको खानेपानी समग्र सेवास्तर कायम गरिएको छ | यसरि ८१.५% विद्यालयहरुमा खानीपनिको विश्वसनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको र आधारभूत भन्दा माथि रहेका १८.५% आयोजनाहरुको समेत अन्य तिन वटा सूचकहरु मध्ये कुनै एक सूचक अनुसारको सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा यस गाउँपालिकाका सबै (१००%) विद्यालयको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल परेको छ |

तालिका नं ३६: विद्यालयहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (विद्यालय संख्या)

| खानेपानी सेवा स्तर वर्गीकरण | विद्यालय संख्या | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | २ | ० | ० | ० | २ |
| निम्न (१) स्तर | ४ | २२ | ५ | २२ | २५ |
| आधारभुत (२) स्तर | १४ | ० | १२ | ० | ० |
| मध्यम (३) स्तर | २ | ० | ० | ० | ० |
| उच्च (४) स्तर | ५ | ५ | १० | ५ | ० |
| **जम्मा** | २७ | २७ | २७ | २७ | २७ |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

तालिका नं ३७: विद्यालयहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (विद्यालय%)

| खानेपानी सेवा स्तर वर्गीकरण | विद्यालय % | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | ७.४ | – | – | – | ७.४ |
| निम्न (१) स्तर | १४.८ | ८१.५ | १८.५ | ८१.५ | ९२.६ |
| आधारभुत (२) स्तर | ५१.९ | – | ४४.४ | – | – |
| मध्यम (३) स्तर | ७.४ | – | – | – | – |
| उच्च (४) स्तर | १८.५ | १८.५ | ३७.० | १८.५ | – |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० | १००.० |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

यस गाउँपालिकामा विद्यमान खानेपानी आयोजनाले सेवा पुराएका २७ विद्यालयहरु सबैको खानेपानी सेवास्तर आधारभूत भन्दा तल रहनुको कारणहरु विश्लेषण गर्दा ४ विद्यालयमा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले, २ विद्यालयमा विश्वशनीयताको कारणले, १ विद्यालयमा चार वटै सूचक सेवास्तर आधारभूत भन्दा तल रहेकोले, ७ विद्यालयमा गुणस्तर र विश्वशनीयताले, १ विद्यालयमा गुणस्तर र पहुँचको कारणले, ३ विद्यालयमा गुणस्तर, पहुँच र विश्वशनीयताले, २ विद्यालयमा गुणस्तर, परिमाण र विश्वशनियताले र ७ विद्यालयमा बहु-सूचक सेवास्तर निम्न रहेको कारणले विद्यमान आयोजनाले सेवा पुराएका सबै विद्यालयहरुको खानेपानी समग्र सेवास्तर आधारभूत तह भन्दा तल रहेको देखिन्छ |

तालिका नं ३८: विद्यालयहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु

| समग्र सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु | विद्यालय संख्या |
|---|---|
| गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ४ |
| विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | २ |
| सबै ४ वटा सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले | १ |
| गुणस्तर र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ७ |
| गुणस्तर र पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| गुणस्तर, पहुँच र विश्वशनीथता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ३ |
| गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | २ |
| अन्य बहु सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ७ |
| **जम्मा आधारभूत भन्दा तल रहेका विद्यालय संख्या** | **२७** |

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

## ३.३.७ अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था

महाबु गाउँपालिकामा एस एन भी नेपालले वि.सं. २०७६ मा गरेको अपांगता भएका घरधुरीहरुमा खानेपानी तथा सरसफाईको अवस्था सर्भेक्षणको तथ्यांक अनुसार यस गाउँपालिकामा जम्मा २६४ जना अपांगता भएका व्यक्तिहरु रहेका छन् जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ |

तालिका नं ३९: एस एन भी नेपालको सर्भेक्षण अनुसार महाबु गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको विवरण

| वडा नं. | सर्भेक्षण गरिएको जम्मा अपांगता भएका व्यक्तिहरु | अपांगताको प्रकार अनुसार अपांगता भएका व्यक्तिहरु (जना) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपांगता भएका | सुस्त श्रवण वा दृष्टि बिहिन अपांगता भएका | बोल्न नसक्ने अपांगता भएका | बौद्धिक अपांगता भएका | मानसिक अपांगता भएका | हिमोफेलिया अपांगता भएका | अटिजम अपांगता भएका | बहु अपांगता भएका |
| १ | ३५ | ४ | ११ | ५ | ३ | ३ | ३ | ३ | ३ |
| २ | ४० | ६ | २ | ० | ३१ | ० | ० | ० | १ |
| ३ | ६१ | ५२ | ३ | १ | ५ | ० | ० | ० | ० |
| ४ | १६ | १४ | ० | ० | २ | ० | ० | ० | ० |
| ५ | ६७ | २९ | २१ | ५ | १ | ४ | ० | ० | ७ |
| ६ | ४५ | ३८ | ० | १ | ६ | ० | ० | ० | ० |
| जम्मा | २६४ | १४३ | ३७ | १२ | ४८ | ७ | ३ | ३ | ११ |

यस सर्भेक्षण अनुसार यस गाउँपालिकामा अपांगता भएका व्यक्तिको घर भित्रै खानेपानीको धारा भएका ६ जना, घरआगनमा धारा भएका १७५ जना, सामुदायिक धारामा पहुँच हुनेहरू ५७ जना र नजिकमा कुनै पनि खानेपानीको धारा नहुनेहरु २६ जना रहेका छन् | अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँचको अवस्थाको वडागत विवरण निम्न अनुसार रहेको छ |

तालिका नं ४०: अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था विवरण

| वडा नं. | अपांगता भएका व्यक्ति | अपांगता भएका व्यक्तिको खानेपानीको पहुँच अवस्था | | | |
|---|---|---|---|---|---|
| | | घर भित्र धारा भएका | घरको आँगनमा निजि धारा भएका | सामुदायिक धारा भएका | नजिकमा धारा नभएका |
| १ | ३५ | ५ | १४ | ८ | ८ |
| २ | ४० | ० | २३ | १७ | ० |
| ३ | ६१ | ० | ४८ | ११ | २ |
| ४ | १६ | ० | १० | २ | ४ |
| ५ | ६७ | ० | ५६ | ११ | ० |
| ६ | ४५ | १ | २४ | ८ | १२ |
| जम्मा | २६४ | ६ | १७५ | ५७ | २६ |

यस सर्भेक्षण अनुसार यस गाउँपालिकामा जम्मा २६४ जना अपांगता भएका व्यक्तिहरु मध्ये ९८ जना महिला रहेका छन् जस मध्ये ७५ जना १० देखि ५० बर्ष उमेरका महिनावारी हुने उमेरका महिलाहरु रहेका छन् जसको लागि पानीको सहज पहुँच हुनु अझ बढी आबश्यक हुन्छ (तालिका नं. ४१ र ४२) |

तालिका नं ४१: लिङ्ग अनुसार अपांगता भएका व्यक्तिहरुको विवरण

| वडा नं. | अपांगता भएका व्यक्तिहरु | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | यौनिक अल्पसंख्यक | जम्मा |
| १ | १५ | २० | | ३५ |
| २ | १३ | २७ | | ४० |
| ३ | १७ | ४४ | | ६१ |
| ४ | ५ | ११ | | १६ |
| ५ | २८ | ३९ | | ६७ |
| ६ | २० | २५ | | ४५ |
| जम्मा | ९८ | १६६ | | २६४ |

तालिका नं ४२: १० देखि ५० वर्ष उमेरका अपांगता भएका महिलाहरुको विवरण

| वडा नं. | १० देखि ५० वर्ष उमेरका अपांगता भएका महिलाहरु |
|---|---|
| १ | १३ |
| २ | १२ |
| ३ | १४ |

| | |
|---|---|
| ४ | ४ |
| ५ | १३ |
| ६ | १९ |
| **जम्मा** | ७५ |

साथै अपांगता भएका व्यक्तिहरुको लागि सामुदायिक वा निजि खानेपानीका धाराहरु सम्म पुग्नको लागि रयाम्प, रेलिंग, धाराको उचित उचाई, र धारा प्रयोग गर्दा हातले समाउने पाइपफिटिंगहरु आदि निर्माण गरेको यस गाउँपालिकामा देखिएको छैन जसले गर्दा अपांगता भएका व्यक्तिहरुको खानेपानीमा सहज पहुँच स्तर अझ कम्जोर रहेको देखिन्छ | यसरि यस गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको आबस्यकता अनुसारका संरचना बन्ने नगरेकाले रजस्वला हुने उमेरका अपाङ्गता भएका महिलाहरुको लागि पानीको धारा सम्मको सहज पहुँच नहुँदा अझ कठिन अवस्था रहेको देखिन्छ |

## ३.४ निर्माणाधीन खानेपानी आयोजनाहरु

यस गाउँपालिकामा संघिय सरकारको सहयोगमा महाबु बृहत खानेपानी आयोजना निर्माणको लागि तयारी भैरहेको छ | यस बृहत आयोजनाले वडा नं. १,२,३,४, र ६ वडाहरुमा पाईपलाइन विस्तार गर्नेछ | यस आयोजनाले वडा नं १,२,६ का करिब ५०% घरसंख्यालाई यस आयोजनाको पाइपलाइनले जोड्ने छ, वडा नं. ३ का सबै वस्तीहरुमा पाईपलाइन नेटवर्क पुराउने छ र वडा ४ का केहि खानेपानी आयोजना पुग्न नसकेका वस्तीमा पाइपलाइन पुग्ने छ | यसरि यस बृहत खानेपानी आयोजनाले यस गाउँपालिकाको करिब १५०० घरधुरीहरुलाई पाइपलाईन नेटवर्कमा जोड्ने अनुमान गर्न सकिन्छ | संघिय सरकारले यस आयोजनाको निर्माणको लागि यसै वर्ष देखि प्रक्रिया शुरु गरेको छ | (श्रोत: खानेपानी रणनीति तर्जुमा गोष्ठीबाट आयोजना सम्बन्धि सूचना अद्यावधिक गरेको | )

## ३.५ खानेपानी आयोजना नपुगेका बस्तिहरु

खानेपानी सेवास्तर सर्बेक्षण अनुसार यस गाउँपालिकाको ७३ वटा बस्तीका ११९४ घरपरिवार, ४ स्वास्थ्य संस्था र १८ बिद्यालयहरुमा पाईपलाइन खानेपानी आयोजना पुग्न सकेको छैन | गाउँपालिकाका सबै वडाहरुमा यस्ता बस्तीहरु रहेका छन | वडा नं. ३ का धेरै वस्तीहरुमा हाल पाईपलाईन खानेपानी आयोजना नपुगेको देखिन्छ | वडा अनुसार पाइपलाइन खानेपानी आयोजना नपुगेका वस्तिहरुको विवरण देहाय बमोजिम रहेको छ |

तालिका नं ४३: हाल खानेपानी आयोजना नभएका बस्तिहरुको विवरण

| वडा नं. | वस्ती संख्या | घरधुरी संख्या | स्वास्थ्य संस्था संख्या | विद्यालय संख्या |
|---|---|---|---|---|
| १ | १३ | १४४ | ० | ० |
| २ | ९ | २५ | ० | ० |
| ३ | १८ | ६१६ | २ | ७ |
| ४ | १७ | १५४ | २ | ५ |
| ५ | ५ | ३४ | ० | २ |

यसरि महाबु गाउँपालिकाका सबै चरणका खानेपानी आयोजनाहरु र आयोजना नपुगेका वस्तीहरुमा जम्मा घरपरिवार संख्या ३६८४, स्वास्थ्य संस्था १२ र विद्यालय ३९ रहेको छ |

तालिका नं ४५: महाबु गाउँपालिकामा आयोजनाको निर्माण अवस्था अनुसार घरपरिवार संख्या, स्वास्थ्य संस्था संख्या र विद्यालय संख्या विवरण

| क्र. सं. | खानेपानी आयोजनाको अवस्था | आयोजना /वस्ती संख्या | घर संख्या | स्वास्थ्य संस्था संख्या | बिद्यालय संख्या |
|---|---|---|---|---|---|
| १ | विद्यमान संचालनमा रहेका पाइपलाइन आयोजना | ४६ | २०२३ | ८ | २६ |
| २ | विद्यमान मुहान सुधार आयोजना | ४ | १२७ | ० | १ |
| ३ | निर्माणाधीन पाइपलाइन आयोजना | १ | १५०० | ४ | १० |
| ४ | खानेपानी आयोजना नपुगेका बस्तिहरु | ५ | ३४ | ० | २ |
| | जम्मा | ५६ | ३६८४ | १२ | ३९ |

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

# ४ परिच्छेद ४: खानेपानी लक्ष्य, रणनीति र प्राथमिकता

महाबु गाउँपालिकाले सन् २०३० (वि.सं. २०८७) सम्ममा नेपाल सरकारको खानेपानी क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका मुख्य तीन वटा लक्ष्य तथा कोसेढुंगाहरु निर्धारण गरि उक्त लक्ष्यहरु हासिल गर्नको लागि देहाय बमिजिमका रणनीति र प्राथमिकताहरु निर्धारण गरेको छ |

**पहिलो कोसेढुंगा : ५ वर्ष, सन् २०२०-२०२५**

**लक्ष्य १ : सबैलाई आधारभूत स्तरको खानेपानी सुबिधा सन् २०२५ सम्ममा पुराउने |**

**रणनीति:** यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ |

प्राथमिकता नं. १: आधारभूत सेवा स्तरमा पुराउने: देहाय बमोजिमका आयोजनाहरुमा सेवास्तर उन्नति निर्माण कार्य गरि खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरेर आधारभूत स्तरमा पुराउने रणनीति लिईनेछ |

- खानेपानी बिस्वसनियता सेवास्तर कम्जोर भएका आयोजनाहरुमा साना निर्माण सुधार कार्य र खानेपानीको ब्यबस्थापन, संचालन तथा सम्भारमा प्रामाणिक संचालन बिधि लागु गरि आयोजनाको विश्वसनीय सेवा स्तरमा सुधार गरि आधारभूत स्तरमा पुराउने |
- गुणस्तर सेवा स्तर कम्जोर भएका मूल मुहान प्रयोग गरेका आयोजनाहरुमा साना निर्माण सुधार कार्य र पानी सुरक्षा योजना तथा आयोजना संचालन ब्यबस्थापन कार्यान्वियन द्वारा गुणस्तर सेवास्तर वृद्धि गरि आधारभूत स्तरमा पुराउने |
- आयोजनाको सेवा स्तर उन्नति गर्दा ती आयोजना अन्तर्गतका स्वास्थ्य संस्था र विद्यालयहरुमा आयोजनाबाट पानीको वितरणमा रुकावट भएको अवस्थामा समेत पानीको उपलब्धता कायम राख्नको लागि पानीको अन्तरिक भण्डारण, प्लाम्बिंग र आवश्यक धाराहरु (पिउनेपानी,

हातधुने, चर्पी, सरसफाइ, आदिका लागि) निर्माण गरि संस्थाहरुमा मध्यम स्तरको खानेपानी सेवा उन्नति गर्ने रणनीति लिइनेछ |

प्राथमिकता नं. २: मध्यम सेवा स्तरमा पुराउने: निम्न अवस्थाका आयोजनाहरुको सेवा स्तर उन्नति निर्माण कार्य गरि खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरेर मध्यम स्तरमा पुराउने रणनीति लिईनेछ |

- संघिय सरकार संगको सहकार्यमा निर्माणाधीन महाबु बृहत खानेपानी आयोजनाको निर्माण गर्दा कम्तिमा मध्यम सेवास्तरको मापदण्ड अनुसारको गरिनेछ |
- निम्न बमोजिमका आयोजनाहरुको नयाँ निर्माण गर्दा वा पुनर्निर्माण गर्दा मध्यम स्तरको निर्माण गर्ने रणनीति लिईनेछ |
  - हाल खानेपानी सेवा पुग्न नसकेका बस्तिमा विद्यमान प्रणालीबाट सेवा पुराउने | यसरि विद्यमान प्रणालीबाट सेवा पुराउन नसकेमा नयाँ पाइपलाइन निर्माण गर्ने |
  - पाइपलाइन खानेपानी प्रणाली नभएका (पँधेरो सुधार आदि आयोजना भएका) बस्तीमा नयाँ पाइपलाइन प्रणाली निर्माण गर्ने |
  - सामुदायिक धारा प्रणालीका विद्यमान् खानेपानी आयोजनाहरुको धैरै जसो धाराहरुमा परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेका वा पहुच सेवा स्तर आधारभूत भन्दा तल रहेका आयोजनाहरुको पुनर्निर्माण गरि निजि धारा जडान प्रणालीमा सुधारोंनती गर्ने |
- परिमाण सेवा स्तर मध्यम रहेका खानेपानी आयोजनाहरुको निजि धारा प्रणालीमा स्तर उन्नति निर्माण कार्य गरि समग्र मध्यम स्तरको सेवा पुराउने रणनीति लिईनेछ |
- हालै सम्पन्न भएका र हाल निर्माणाधीन रहेका निजि धारा प्रणालीका खानेपानी आयोजनहरुमा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरि मध्यम सेवा स्तरमा पुराउने रणनीति लिइनेछ |
- आयोजनाको सेवा स्तर उन्नति गर्दा ती आयोजना अन्तर्गतका स्वास्थ्य संस्था र विद्यालयहरुमा आयोजनाबाट पानीको वितरणमा रुकावट भएको अवस्थामा समेत पानीको उपलब्धता कायम राख्नको लागि पानीको अन्तरिक भण्डारण, प्लाम्बिंग र आवश्यक धाराहरु (पिउनेपानी, हातधुने, चर्पी, सरसफाइ, आदिका लागि) निर्माण गरि संस्थाहरुमा मध्यम स्तरको खानेपानी सेवा उन्नति गर्ने रणनीति लिइनेछ |

प्राथमिकता नं. ३: उच्च सेवा स्तरमा पुराउने: निम्न अवस्थाका आयोजनाहरुको सेवा स्तर उन्नतिका लागि निर्माण कार्य गरि तथा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरेर उच्च सेवा स्तरमा पुराउने रणनीति लिईनेछ |

- पानीको परिमाण सेवा स्तर उच्च रहेका खानेपानी आयोजनाहरुको सुधार निर्माण कार्य तथा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरि उच्च स्तरमा पुराउने रणनीति लिइनेछ|

- उच्च सेवा स्तरका खानेपानी आयोजना अन्तर्गतका सबै स्वास्थ्य संस्था र विद्यालयहरुमा उच्च स्तरको खानेपानी सेवा उन्नति गर्ने रणनीति लिइनेछ|

प्राथमिकता नं. ४: उच्च सेवा स्तरमा पुराउन डीपीआर तयार गर्ने: निम्न बमोजिमका ठुला आयोजनाहरुको सेवा स्तर उन्नति गरि उच्च सेवा स्तरमा पुराउन एक वर्ष सम्म अध्ययन गरि डीपीआर तयार गर्ने रणनीति लिइनेछ|

- महाबु बृहत खानेपानी आयोजनालाई उच्च सेवस्तरमा उन्नति गर्नको लागि एक बर्षसम्म मुहान (खोला) मा पानीको परिमाणको नाप र पानीको गुणस्तर (भौतिक, रासायनिक र जैविक) मासिक रुपमा परिक्षण गरि पानी प्रशोधन प्रणाली र आबश्यक संरचना निर्माणको लागि डीपीआर तयार गर्ने|
- अन्य घना बस्ति, बजार क्षेत्र र मुख्य वस्तीहरुमा उच्चस्तरको खानेपानी आयोजनाको लागि पानीको श्रोतको नाप तथा गुणस्तर मापन गर्ने, कम्तिमा एक वर्ष भरि प्रत्येक महिना पानीको परिमाण र गुणस्तर परिक्षण तथा मापन गर्ने र निर्माण वा स्तर उन्नतिको लागि आयोजनाको डीपीआर तयार गर्ने |

**दोश्रो कोसेढुंगा : ३ वर्ष, सन् २०२६–२०२८**

**लक्ष्य २: सबैलाई मध्यम स्तरको खानेपानी सुबिधा सन् २०२८ सम्ममा पुराउने|**

**रणनीति:** यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ|

**प्राथमिकता:**

प्राथमिकता नं. १: आधारभूत, मध्यम एवं उच्च स्तरका सेवा आयोजनाहरुको राम्रो संचालन ब्यबस्थापन गर्न खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि प्रभाबकारी रुपमा लागु गर्ने र अनुगमन गर्ने रणनीति लिइनेछ|

प्राथमिकता नं. २: आधारभूत स्तरका खानेपानी आयोजनाहरुलाई मध्यम स्तरमा स्तर उन्नति गर्ने निर्माण कार्य गर्ने रणनीति लिइनेछ|

प्राथमिकता नं. ३: बस्ति भन्दा बाहिर अबस्थित घरपरिवारको खानेपानी सुबिधा स्तर मध्यम पुराउने रणनीति लिइनेछ|

प्राथमिकता नं. ४: महाबु बृहत खानेपानी आयोजनामा खानेपानी प्रशोधन प्रणाली र अन्य आबस्यक संरचनाको डीपीआर अनुसार स्तर उन्नति निर्माण कार्य गरि उच्च सेवा स्तरमा पुराउने रणनीति लिइनेछ|

प्राथमिकता नं. ५: अन्य घना बस्ति, बजार क्षेत्र र मुख्य वस्तीहरुका मध्यम स्तरका आयोजनाहरुको तयार भएको डीपीआर अनुसार स्तर उन्नति निर्माण कार्य गरि उच्च सेवा स्तरमा पुराउने रणनीति लिइनेछ|

प्राथमिकता नं. ६: उच्च सेवा स्तरका खानेपानी आयोजना अन्तर्गतका सबै स्वास्थ्य संस्था र विद्यालयहरुमा उच्च स्तरको खानेपानी सेवा उन्नति गर्ने रणनीति लिइनेछ| यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गरि उच्च स्तरको खानेपानी सेवा पुराउने रणनीति लिइनेछ|

प्राथमिकता नं. ७: उच्च सेवा स्तरमा नपुगेका बाँकि आयोजनाको उच्च सेवा स्तरमा पुराउनको लागि अध्ययन: गाउँपालिकामा उच्च सेवा स्तरमा पुग्न बाँकि रहेका सबै खानेपानी आयोजनाहरु (मुख्यतया साना वस्ती र वस्ती भन्दा बाहिर रहेका घरपरिवारहरुका आयोजनाहरु बाँकि रहेका हुनेछन) लाई स्तर उन्नति गरि उच्च सेवा स्तरमा पुराउनका लागि पानीको श्रोतको वर्षभरि परिमाण र गुणस्तरको अनुगमन गरि आयोजनाहरुको स्तर उन्नति गर्न आबश्यक थप संरचना निर्माण गर्नको लागि डीजाइन इस्टिमेट तयार गर्ने रणनीति लिइनेछ।

**तेश्रो कोसेढुंगा : २ वर्ष, सन् २०२९ – २०३०**

**लक्ष्य ३: सबैलाई उच्च स्तरको खानेपानी सुबिधा सन् २०३० सम्ममा पुराउने।**

**रणनीति:** यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ।

**प्राथमिकता:**

प्राथमिता नं. १: मध्यम सेवा स्तरमा बाँकि रहेका सबै आयोजनाहरुमा आवश्यक संरचना निर्माण र राम्रो संचलन तथा मर्मत सुधार ब्यबस्थापन गरि उच्च स्तरमा पुराउने रणनीति लिइनेछ।

प्राथमिकता नं. २: मध्यम सेवास्तरमा बाँकि रहेका सबै संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने रणनीति लिइनेछ। यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गरि उच्च स्तरको खानेपानी सेवा पुराउने रणनीति लिइनेछ।

प्राथमिकता नं. ३: सबै उच्च स्तरको खानेपानी सेवा पुराउन सक्ने पर्वाधार उन्नति भएका आयोजनाहरुको राम्रो संचालन ब्यबस्थापन गर्न खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि प्रभाबकारी रुपमा लागु गरि उपभोक्ताहरुलाई निरन्तर उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने रणनीति लिइनेछ। यसका लागि गाउँपालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुको उच्चस्तरको संचालन मर्मत सम्भार तथा ब्यबस्थापनको लागि निरन्तर सहयोग, क्षमता अभिवृद्धि, अनुगमन तथा नियमन गर्ने रणनीति लिइनेछ।

# ५ परिच्छेद ५: कार्यान्वयन रणनीति

महाबु गाउँपालिकाले यस खानेपानी रणनीति २०७७-२०८७ कार्यान्वयन गर्दा देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गर्नेछ।

**खानेपानी सेवास्तर उन्नति रणनीति:**

- घरधुरी, स्वास्थ्य संस्था र विद्यालयको लागि आधारभूत, मध्यम र उच्च स्तरको खानेपानी सेवा वृद्धि गर्नको लागि साना निर्माण देखि प्रशोधन केन्द्र सहितको ठुला नयाँ खानेपानी आयोजना निर्माण तथा पुनर्निर्माण गरिनेछ।

- साथै खानेपानीको आधारभूत, मध्यम र उच्च सेवास्तर वृद्धि तथा उक्त सेवास्तर निरन्तर कायम गर्नको लागि खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरिनेछ |
- गाउँपालिकामा खानेपानी परिक्षण प्रयोगशाला स्थापना गरि आयोजनाहरुमा खानेपानीको गुणस्तर अनुगमन नियमित रुपमा गरिनेछ |
- स्वास्थ्य संस्था र विद्यालयहरुमा खानेपानीको पानी संकलन टंकी निर्माण र आन्तरिक प्लम्बिंग तथा आबस्यक स्थानहरुमा आबस्यक संख्यमा धाराहरु निर्माण गरि खानेपानी सेवा स्तर वृद्धि गरिनेछ |
- सार्बजनिक स्थानहरुमा चौबिसै घण्टा खानेपानीको सुबिधा हुनेगरी खानेपानीको धारा निर्माण गरिनेछ |
- "सबैको लागि खानेपानी नीति" लिइनेछ | अर्थात् खानेपानी सेवा स्तर वृद्धि गर्दा कोहि पनि छुट्ने छैन |
- खानेपानीको सेवास्तर वृद्धि गर्दा समाबेशी, लैंगिक समानता, अपांगता भएका व्यक्तिहरुको आबस्यकता र जलवायु परिवर्तन लचकतालाई खानेपानीको सेवास्तर वृद्धि कार्यक्रममा एकीकृत गरिनेछ |
- खानेपानी सेवा स्तर वृद्धि क्रियाकलाप कार्यान्वयन गर्दा सम्भावित जोखिममा रहेका ब्यक्तिहरुको अबस्यकतालाई सम्बोधन गरिनेछ |

**खानेपानी संचालन तथा ब्यबस्थापन रणनीति:**

- खानेपानी संचालन ब्यबस्थापनको लागि सेवा प्रदायकको क्षमता र अन्य उपलब्ध श्रोतको आधारमा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरिनेछ | खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि अन्तर्गत खानेपानी संचालनका प्रामाणिक संचालन विधिहरुको प्रयोग गरि आयोजनाहरुको संचालन, मर्मत सम्भार तथा ब्यबस्थापन गरिनेछ जस अन्तर्गत जीवन चक्र खर्चको आधारमा खानेपानी महशुल निर्धारण, जलवायु परिवर्तन लचकता सहितको पानी सुरक्षा योजना, पानीको गुणस्तर अनुगमन, निरोधात्मक सम्भार, गुनासो ब्यबस्थापन, चुहावट नियन्त्रण, लेखा ब्यबस्थापन, स्वमुल्यांकन, आदि समावेश रहनेछ |

**समाबेसी खानेपानी रणनीति:**

- निर्धारित लक्ष्य हासिल गर्नको लागि क्रियाकलाप कार्यान्वयन गर्दा सम्भावित जोखिममा रहेका ब्यक्तिहरुको अबस्यकतालाई सम्बोधन गरिने छ | यसरि कार्य गर्दा त्यस्ता व्यक्ति र वर्गलाई "कुनै नोक्सान नगर" भन्ने सिद्धान्तलाई पालना गरिने छ |
- महशुल निर्धारण गर्दा महशुल तिर्न नसक्ने अति बिपन्न घरहरुको पहिचान गरि उक्त घरहरुको लागि एक बर्ष सहुलियत दरमा महशुल लिने नीति लिइनेछ | साथै एक बर्षमा उक्त घरपरिवारको आय वृद्धि गरि महशुल तिर्न सक्ने बनाउनको लागि आय आर्जनमुलक क्रियाकलाप गर्न खानेपानी सेवा प्रदायक संस्थाले उक्त घरपरिवारलाई सहयोग गर्नेछ |
- खानेपानीको सेवा स्तर वृद्धि गर्दा कोहि पनि नछुट्ने गरि महिला, पुरुष, बालबालिका, अल्पसंख्यक, पिछडिएका र जोखिममा रहेका जातजाति सबैको लागि सेवा उपलब्ध हुने गरि कार्यक्रम लागु गरिनेछ |

आयोजनामा सहभागी गराउनको लागि आयोजना निर्माण र सेवा शुल्कमा यस्ता सिमान्तकृत वर्गहरुलाई बिशेष क्षमता अनुसारको सहभगिता वा सरकार वा समुदायले विशेष सहुलियत दिने नीति लिईनेछ |

- लैंगिक समानता तथा सामाजिक समाबेशीकरण, जलबायु अनुकुलन तथा विपद ब्यबस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरुलाई यस खानेपानी रणनीति कार्यान्वयन गर्दा अनिवार्य रुपमा अबलम्बन गरिनेछ |
- आयोजनामा खानेपानी रणनीति कार्यान्वयन एवं खानेपानी संचालन ब्यबस्थापनका प्रत्येक तहका निर्णय प्रक्रियामा महिला, दलित, अल्पसख्यक, अपांगता भएका व्यक्ति, आदिको सहभागिता सुनिस्चित गरिनेछ |

**अपांगता भएका व्यक्तिहरुको लागि खानेपानी रणनीति:**

- खानेपानीमा पहुँचको लागि अरुको सहयोग आबस्यक पर्ने अपांगता भएका व्यक्तिहरुको लागि अरुको सहयोग आबस्यक पर्ने स्तरीकरणको आधारमा प्राथमिकीकरण गरि पहुँच पुराउने रणनीति लिइनेछ |
- अपांगता भएका घरपरिवारलाइ खान र व्यक्तिगत स्वच्छता ब्यबहारको लागि पानीमा प्रत्येक सदस्यको बराबर पहुँच हुनु पर्ने कुराको महत्व बारे राम्रो संग बुझाइ सबै सदस्यहरुलाई पानीको बराबर पहुँच पुराउनको लागि यस्ता परिवारहरुलाइ सहयोग पुराउने रणनीति लिइनेछ |
- खानेपानी र व्यक्तिगत स्वच्छतामा पानीको पहुँचको लागि अर्को व्यक्तिको धेरै सहयोग आबस्यक पर्ने खालका अपांगता भएका व्यक्तिहरुको हेरचाह गर्ने व्यक्तिको लागि बिशेष सहयोग पुराउने रणनीति लिइनेछ |
- वास योजना तर्जुमा गर्दा, खानेपानी आयोजनाको डीपीआर बनाउँदा, क्षमता अभिवृद्धि कार्यक्रम बनाउँदा र कार्यान्वयन गर्दा अपांगता भएका ब्यक्तिहरुको स्थानीय संस्थासंगको सहभागितामा गरिने छ |
- अपांगता भएका व्यक्तिहरुको खान र स्वच्छता ब्यबहारमा पानीको पहुँच सुनिस्चित गर्नको लागि सरसफाई तथा स्वच्छता ब्यबहार परिवर्तनका कार्यक्रमहरु स्थानीय सरकारको पहलमा अपांगता भएका ब्यक्तिहरुको संस्था र स्थानीय सरकारको सहभागितामा गरिने छ |
- सामाजिक ब्यबहार परिवर्तन संचारलाई समाबेशी गराउनको लागि सचेतना र अन्य दृष्टिकोण परिवर्तन गर्ने रणनीतिहरूलाई प्राथमिकताका साथ लागु गरिनेछ |
- अपांगता भएका व्यक्तिहरुको सरकारी प्रशासनिक सम्बन्धि कार्य र अन्य सहयोगको लागि सामाजिक संस्था र अन्य सहयोगी सेवाहरुको समेत सहयोग लिने रणनीति लिइनेछ |
- अपांगता भएका व्यक्तिहरु जो सबै भन्दा सिमान्तकृत हुन्छन उनीहरुको अनुभब र सहभागिता सुनिस्चित गर्न उनीहरुलाई अनुगमन प्रकियामा समाबेश गर्ने रणनीति लिइनेछ | अनुगमनमा अपांगता भएका महिला र पुरुष दुबैको सहभागिता सुनिस्चित गर्ने रणनीति लिइनेछ |

**खानेपानी संचालन व्यबस्थापन संरचना तथा नीति निर्माण रणनीति**

- रणनीति कार्यान्वयन गर्दा मापदण्ड बनाई लागु गरिनेछ एवं नियमन गरिनेछ। यसका लागि गाउँपालिकाले आबश्यक मापदण्ड, कार्यविधि, ऐन तथा निर्देशिका तयार गरि लागु गर्नेछ।
- साथै यस रणनीति कार्यान्वयन तथा खानेपानी सेवा संचलन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि गाउँपालिकाले गाउँपालिका र वडा स्तरमा आबस्यक संस्थागत संरचना विस्तार तथा क्षमता विकास गर्नेछ। यस रणनीति अनुसारका संस्थागत संरचनाहरु विस्तार गरि जिम्मेवारी दिनेछ।
- गाउँपालिकाले यस रणनीति कार्यान्वयनको लागि आवश्यक वार्षिक बजेट छुट्टाउने छ। साथै प्रदेश सरकार, संघिय सरकार र विकास साझेदारहरुसंग यस रणनीति कार्यान्वयन गर्न सहकार्यको लागि पहल गर्नेछ।

# ६ परिच्छेद ६: संस्थागत संरचना तथा विस्तार

गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्नका लागि गाउँपालिका र वडाको निर्णय गर्ने र अनुगमन तथा समिक्षा गर्ने संरचनाहरुमा सुधार तथा समितिहरुलाई थप सक्रिय बनाइ देहाय बमोजिमका कार्यहरु गर्नेछ।

- गाउँ कार्यपालिकाले यस खानेपानी रणनीति कार्यान्वयनको लागि संस्थागत संरचनाहरुको विस्तार गर्ने तथा खानेपानी समन्वय समितिहरुलाई थप सक्रिय बनाउने कार्य गर्नेछ। यसरि गाउँ कार्यपालिकाले यस खानेपानी रणनीति कार्यान्वयनको लागि यस रणनीतिले परिकल्पना गरेको संस्थागत संरचनाहरुको विस्तार गरि सबैको जिम्मेवारी दिने कार्य गर्नेछ।
- गाउँ कार्यपालिकाले गाउँपालिका स्तरमा यस खानेपानी रणनीति कार्यान्वयनको अनुगमन, समिक्षा र निर्णय गर्नेछ।
- गाउँ कार्यपालिकाले कार्यपालिका अन्तर्गतका समिति र उपसमितिहरुलाई यस खानेपानी रणनीति कार्यान्वयनका विभिन्न बिषयहरु: खानेपानी पूर्वाधार, समाबेशी, सुशासन, विपद ब्यबस्थापन, आदिमा अनुगमन गरि सुझाबको लागि जिम्मेवारी दिनेछ।
- गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन गरि सुझाब दिनेछ। जस अन्तर्गत खानेपानी संचालन ब्यबस्थापनको अवस्था, खानेपानीको गुणस्तर परिक्षण, खानेपानी सेवा स्तर उन्नति, समावेशी रणनीति कार्यान्वयनको अवस्था, अपांगता भएका व्यक्तिहरुको सहभागिता र खानेपानीमा पहुँच आदिको स्थलगत अनुगमन तथा तथ्यांक विश्लेषण गरि सुझाब दिनेछ। यस समितिले मासिक रुपमा अनुगमन गरि निर्देशन/सुझाब दिनेछ।
- वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले यस खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयनको अवस्था प्रत्येक महिनामा अनुगमन गरि सुझाब दिनेछ।

- टोल सरसफाई समितिलाई सक्रिय बनाई यस खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा समाबेशी र कोहि पनि नछुट्ने परिकल्पना गरे अनुसारको भएको अनुगमन गरि समाबेशी सुनिस्चित गर्न सुझाब दिनेछ |
- पालिका र वडा स्तरका समिति र उपसमितिहरुको संरचनाहरुलाई थप समाबेशी बनाइने छ |

गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्नको लागि गाउँपालिका र वडा कार्यालयको प्राबिधिक कार्य गर्ने संरचनाहरुको विस्तार गरि देहाय बमोजिमका प्राबिधिक कार्यहरु गर्नेछ |

- गाउँपालिकामा खानेपानीको प्राबिधिक कार्य गर्नको लागि हाल रहेको खानेपानी शाखामा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला र खानेपानी तथ्यांक ईकाई समेत विस्तार गरिनेछ |
- गाउँपालिका स्तरीय खानेपानी शाखाले खानेपानी रणनिती कार्यान्वयन गर्न प्राबिधिक कार्य एवं खानेपानीको गुणस्तर परिक्षण र खानेपानी सेवास्तर अवस्था तथा खानेपानी संचलन ब्यबस्थापन सम्बन्धि तथ्यांक अद्यावधिक गर्ने कार्य गर्नेछ |
- साथै वडा कार्यालयहरुमा समेत खानेपानी इकाई स्थापना गरिनेछ | यस इकाईको क्षमता विकास गरि खानेपानी संचालन ब्यबस्थापन तथा पानी सुरक्षा योजना कार्यान्वयन गर्न प्राबिधिक कार्य गर्नेछ |
- गाउँपालिका स्तरमा पानी परिक्षण प्रयोगशाला स्थापना गरि क्षमता विकास गरिनेछ | यस प्रयोगशालाले नियमित पानी परिक्षण तथा खानेपानीको गुणस्तर सर्भेक्षण गरि विश्लेषण प्रस्तुत गरि सुझाब गर्नेछ |

गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्नको लागि खानेपानी संचालन, मर्मत सम्भार तथा ब्यबस्थापन तथा सेवा स्तर उन्नति अवस्था सम्बन्धि तथ्यांक अध्यावधिक तथा विश्लेषण गर्ने संरचनाहरुको स्थापना तथा क्षमता विस्तार गरि देहाय बमोजिमका कार्यहरु गर्नेछ |

- खानेपानी संचालन ब्यबस्थापन तथा खानेपानी सेवा स्तर वितरणको अवस्थाको तथ्यांक मासिक रुपमा अध्यावधिक गरि बिस्लेशण गर्न खानेपानीको तथ्यांक गाउँ पालिका स्तरमा स्थापना गरिने छ | यो खानेपानी तथ्यांक इकाई गाउँपालिका स्तरीय खानेपानी शाखामा राखिने छ | खानेपानीको संचालन ब्यबस्थापन तथा सेवा स्तर बिस्लेशण गर्नको लागि क्षमता अभिवृद्धि गरि यस इकाईले प्राबिधिक शाखा, पानी प्रयोगशाला र सेवा प्रदायकहरुको समन्वयमा तथ्यांक अध्यावधिक गर्ने कार्य गर्नेछ |
- यस खानेपानी तथ्यांक इकाईले प्रत्येक महिना खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको बैठकमा खानेपानी संचालन ब्यबस्थापनको अवस्था र उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानीको सेवा स्तर को अवस्था बिस्लेशण गरि प्रस्तुत गर्नेछ |
- प्रत्येक बर्ष खानेपानी आयोजनाको "उपभोक्ता सन्तुस्टी सर्भेक्षण गरि पालिका वास सिसि को बैठकमा प्रस्तुत गर्नेछ |
- खानेपानी सेवा प्रदयेकहरुको स्व मुल्यांकन प्रतिबेदन बार्षिक रुपमा संकलन तथा अद्यावधिक गरि प्रत्येक आयोजनाको खानेपानी सेवा संचालन ब्यबस्थापनको अवस्था विश्लेषण गरि प्रतिवेदन प्रस्तुत गर्नेछ |

# ७ परिच्छेद ७: कार्य योजना तथा बजेट प्रक्षेपण

## ७.१ गाउँपालिकाको आयश्रोत तथा आय अनुमान

महाबु गाउँपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को बजेट बिनियोजन अनुसार गाउँपालिकाको वार्षिक आय देहाय बमोजिम रहेको देखिन्छ | गाउँपालिकालाई प्रदेश सरकार, संघिय सरकारबाट र दातृ निकाय तथा संघ संस्थाबाट प्राप्त हुने नगद अनुदान र राजस्व बांडफांड गाउँपालिकाको आयश्रोतमा समाबेस गरिएको छ (तालिका नं. ४६) |

तालिका नं ४६: महाबु गाउँपालिकाको आयश्रोत र आय अनुमान आ.व. २०७७/७८

| क्र. सं. | आयश्रोत | आय रकम (रु) |
|---|---|---|
| १ | संघिय सरकारबाट आय: | |
| | वित्तीय समानीकरण संघिय सरकार | ८५,२००,०००.०० |
| | राजस्व बांडफांड | ६९,०३३,५३०.०० |
| | समपुरण अनुदान | |
| | विशेष अनुदान | ३२,५००,०००.०० |
| | शसर्त अनुदान | १४८,०००,०००.०० |
| | **जम्मा (१)** | **३३४,७३३,५३०.००** |
| २ | प्रदेश सरकारबाट आय: | |
| | प्रदेश सरकार वित्तीय समानीकरण | १०,०१०,०००.०० |
| | प्रदेश सरकार राजस्व बांडफांड | ४७४,०००.०० |
| | समपुरण अनुदान | १३,५००,०००.०० |
| | विशेष अनुदान | ६,०००,०००.०० |
| | शसर्त अनुदान | ५,०००,०००.०० |
| | **जम्मा (२)** | **३४,९८४,०००.००** |
| ३ | अन्य श्रोत | |
| | दातृ निकाय, संघ संस्था | २,९८१,०००.०० |
| | **जम्मा (३)** | **२,९८१,०००.००** |
| | | |
| | **कुल जम्मा** | **३७२,६९८,५३०.००** |

श्रोत: महाबु गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम आ.व. २०७७/७८

## ७.२ गाउँपालिकाको क्षेत्रगत बजेट

महाबु गाउँपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को बजेट बिनियोजन अनुसार एक वर्षको लागि क्षेत्रगत बजेट प्रक्षेपण देहाय बमोजिम गरिएको छ | गाउँपालिकाको आ. व. २०७७/७८ को पुँजीगत वार्षिक बजेट रु ३०३,६६५,०००.०० रहेको छ जस मध्ये रु ११,५८१,०००.०० (४%) खानेपानी, सरसफाई, लैंगिक तथा समाबेशी

र सम्बन्धित विषय क्षेत्रका कार्यक्रमको लागि सरकारको लगानी छुट्टाईएको छ | गाउँपालिकाले चालु खर्च बिनियोजन रु ६९,०३३,५३०.०० गरेको छ र जम्मा वार्षिक बजेट रु ३७२,६९८,५३०.०० बिनियोजन गरेको छ | आ.व. २०७७/७८ को बजेट बिनियोजन गर्दा विकास कार्यक्रमको लागि लगानी गर्न आय श्रोत नपुग भएकोले गाउँ पालिकाका विभिन्न विकासका आयोजनाहरुको लागि प्रदेश सरकार र संघिय सरकार संग माग गर्ने निर्णय गरेको छ | यसै अन्तर्गत संघिय सरकारले महाबु बृहत खानेपानी आयोजनाको डीपीआर तयार गरि सकेको छ र आ.व. २०७८/७९ देखि निर्माण कार्य शुरु गर्दैछ जसको लागि यस रु. २६ करोड संघिय सरकारले खर्च गर्ने अनुमान गरिएको छ |

तालिका नं ४७: गाउँपालिकाको वार्षित क्षेत्रगत बजेट अनुमान आ. व. २०७७/७८

| क्र.सं. | विषय क्षेत्र | बजेट बिनियोजन (रु) | प्रतिशत |
|---|---|---|---|
| १ | खानेपानी सरसफाई र सम्बन्धित कार्यक्रमहरु: | | |
| | दैबी प्रकोप तथा विपद ब्यबस्थापन | १,७००,०००.०० | |
| | लघु उद्द्यम तालिम लक्षित वर्गको लागि | १,९५०,०००.०० | |
| | दलित, अपाङ्ग, जनजाती उत्थान कार्यक्रम | १,११०,०००.०० | |
| | मर्मत सम्भार कोष | २,५००,०००.०० | |
| | खानेपानी तथा सरसफाई कार्यक्रम | ४,३२१,०००.०० | |
| | जम्मा खानेपानी, सरसफाई र सम्बन्धित कार्यक्रम | ११,५८१,०००.०० | 4% |
| २ | अन्य पुँजीगत बजेट | २९२,०८४,०००.०० | 96% |
| | **जम्मा पुँजीगत बजेट बिनियोजन** | **३०३,६६५,०००.००** | 100% |
| | | | |
| | **चालु खर्च बिनियोजन** | **६९,०३३,५३०.००** | |
| | | | |
| | **गाउँपालिकाको कुल बजेट आ.व. २०७७/७८** | **३७२,६९८,५३०.००** | |
| | | | |
| ३ | संघिय सरकारको सहयोगमा खानेपानी परियोजना: | | |
| | महाबु बृहत खानेपानी आयोजना (यस आ.व.को अनुमानित बजेट) | ५०,०००,०००.०० | |

श्रोत: महाबु गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम आ.व. २०७७/७८

## ७.३ खानेपानी रणनीतिक कार्य योजना सन् २०२१-२०३०

महाबु गाउँपालिकाले खानेपानी रणनीति कार्यान्वयन गर्नको लागि रणनीतिक कार्ययोजना तथा लागत अनुमान तयार गरेको छ | सन् २०२५ सम्ममा १६१ घरधुरीलाई उच्च स्तरको खानेपानी सेवा पुराउने, २८१२ घरधुरीलाई मध्यम र ७११ घरपरिवारहरुलाई आधारभुत स्तरको खानेपानी सेवा पुराउने कार्ययोजना बनाएको छ | जसका लागि ५ वर्ष (सन् २०२१-२०२५) का लागि रु. ४३४,७३२,०००.०० लागत अनुमान गरेको छ |

सन् २०२५ सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ।

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: १६१
- मध्यम स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: २८१२
- आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: ७११

सन् २०२८ सम्ममा २६६१ घरधुरीमा उच्चस्तरको खानेपानी सेवा पुराउने र १०२३ घरपरिवारहरुमा मध्यम स्तरको खानेपानी सेवा पुराउने कार्ययोजना बनाएको छ | जसका लागि सन् २०२६-२०२८ सम्म ३ वर्षका लागि रु. ३७०,७२०,०००.०० लागत अनुमान गरेको छ |

सन् २०२८ सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ |

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: २६६१
  - ठुला निर्माण कार्य र आयोजनाको संचलन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या २५००
  - मध्यम स्तरका साना आयोजनामा थप संरचना बनाई संचालन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या १६१
- मध्यम स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: १०२३

सन् २०३० सम्ममा गाउँपालिकाका सबै घरपरिवारहरु (३६८४ घरधुरी) लाई उच्च स्तरको खानेपानी सेवा पुराउने कार्य योजना गाउँपालिकाले बनाएको छ | जसका लागि अन्तिम २ वर्ष (सन् २०२९-२०३०) का लागि रु. ८७५,१०२,०००.०० लागत अनुमान गरेको छ |

सन् २०३० सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ |

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: ३६८४
  - ठुला निर्माण कार्य र आयोजनाको संचलन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या २५००
  - मध्यम स्तरका साना आयोजनामा थप संरचना बनाई संचालन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या ११८४

माथि उल्लेखित निर्माण कार्यका लागि गरिएको लागत अनुमानका अतिरिक्त खानेपानी आयोजनाको संचालन ब्यबस्थापन र गाउँपालिकाको क्षमता अभिवृद्धि गरि यस खानेपानी रणनीतिक कार्ययोजना कार्यान्वयन गर्नको लागि २०२१ देखि २०३० सम्म १० वर्षको लागि रु. १७४,९२०,०००.०० लागत अनुमान गरेको छ |

यसरि सन् २०२१ देखी २०३० सम्म यस खानेपानी रणनीति कार्यान्वयन गर्न कुल जम्मा रु. १,७५०,०२२,०००.०० लागत अनुमान गरेको छ | बिस्तृत कार्ययोजना तथा लागत अनुमान तालिका नं. ४८ मा प्रस्तुत गरिएको छ |

तालिका नं ४८: महाबु गाउँपालिकाको खानेपानी रणनीतिक कार्ययोजना तथा लगानी अनुमान

**क. पहिलो कोसेढुंगा: सन् २०२१ देखि २०२५ सम्म (५ वर्ष) मा सबैलाई आधारभूत स्तरको खानेपानी सेवा पुराउने ।**

| क्रियाकलाप | | | | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|---|
| १ | आयोजनाको सेवास्तर मध्यम पुराउने | | | | | |
| | १.१ | विद्यमान आयोजनाको सेवास्तर सुधार गरि मध्यम सेवा स्तरमा पुराउने । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | | | | |
| | | जसको लागि निम्न आयोजनाहरुको पुन: निर्माण गरिनेछ । | | | | |
| | | | कुनै पनि धारा संचालनमा नरहेका खानेपानी आयोजना (० योजना, ० परिवार संख्या) | ० | ० | ० |
| | | | कुनै पनि धारा संचालनमा नरहेका आयोजनाको धारा लिएका संस्था (० स्वास्थ्य संस्था, ० विद्यालय) । यस्ता संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ० | | ० |
| | | | १००% धाराको पानीको परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेका आयोजना (३ आयोजना, १२० परिवार संख्या) | ३ | १२० | १२,८२० |
| | | | ८०% धाराको पहुँच सेवास्तर आधारभुत भन्दा तल रहेका आयोजना (३ आयोजना, ९२ परिवार संख्या, १ विद्यालय) | ३ | ९२ | ९,९०० |
| | | | आधारभूत भन्दा तल रहेका संस्थाहरु (० स्वास्थ्य संस्था, १ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | १ | | ५५० |
| | | | पाइपलाइन नभएका मुहान/पँधेरो सुधार आयोजना (४ आयोजना, १२७ परिवार संख्या, १ विद्यालय) | ४ | १२७ | १३,६६० |
| | | | आधारभूत भन्दा तल रहेका संस्थाहरु (० स्वास्थ्य संस्था, १ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, | १ | | ५५० |

| क्रियाकलाप | | | | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|---|
| | | | सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | | | |
| | | | समग्र सेवास्तर आधारभूत भन्दा तल रहेका छुट्टै संस्थागत आयोजना (संस्थाको लागि मात्र बनाइएको, समुदायको लागि कुनै पनि धारा वितरण नभएका आयोजना मात्र) (० स्वास्थ्य संस्था, ० विद्यालय) । यस्ता आयोजनाको पुन: निर्माण र संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य | ० | | ० |
| | | | पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेका आयोजना (८ आयोजना, ४७० परिवार संख्या, १ स्वास्थ्य संस्था, ३ विद्यालय) | ८ | ४७० | ४९,८६० |
| | | | पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेका संस्थाहरु (१ स्वास्थ्य संस्था, ३ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफ़ाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ४ | | २,२०० |
| | | | खानेपानी सेवास्तर सर्भेक्षण नभएका विद्यमान खानेपानी आयोजनाहरु (६ आयोजना, १२० परिवार संख्या) | ० | ० | ० |
| | | | सेवा स्तर सर्भेक्षण नभएका विद्यमान आयोजनाले समेटेका संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ० | | ० |
| | १.२ | विद्यमान आयोजनाहरुमा पूर्ण रुपमा निजि धारा प्रणालीमा स्तर उन्नति निर्माण कार्य गरि मध्यम सेवास्तरमा पुराउने । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | | | | |
| | | | पानीको परिमाण सेवास्तर मध्यम रहेका विद्यमान आयोजना (११ आयोजना, ४६९ परिवार संख्या, २ स्वास्थ्य संस्था, २ विद्यालय) | ११ | ४६९ | २५,०३० |
| | | | संस्थाहरु (२ स्वास्थ्य संस्था, २ विद्यालय) | ४ | | २,२०० |

| | क्रियाकलाप | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|
| १.३ | हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा मध्यम सेवास्तरको नयाँ आयोजना निर्माण गर्ने । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | | | |
| | हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा अनुमानित नयाँ आयोजना (५ आयोजना, ३४ परिवार संख्या, ० स्वास्थ्य संस्था, २ विद्यालय) | ५ | ३४ | ४,०४०.०० |
| | संस्थाहरु (० स्वास्थ्य संस्था, २ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | २ | | १,१००.०० |
| | छुट्टै खानेपानी आयोजना भएका संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय) । नयाँ आयोजना निर्माण र संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ० | | ० |
| १.४ | हाल निर्माणाधीन वा हालै संम्पन्न निजि धारा प्रणालीका खानेपानी आयोजनहरुमा संचालन ब्यवस्थापन राम्रो बनाई मध्यम सेवास्तरमा पुराउने । (ब्यवस्थापन लागत अनुमान शिर्षक घ मा समाबेश छ) । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | | | |
| | हालै सम्पन्न भएका खानेपानी आयोजनहरु (० आयोजना, ० घरपरिवार, ० स्वास्थ्य संस्था, ० विद्यालय) | ० | ० | ० |
| | संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ० | | ० |
| | हाल निर्माणाधीन रहेका खानेपानी आयोजनहरु (१ आयोजना, १५०० घरपरिवार, ४ स्वास्थ्य संस्था, १० विद्यालय) । (संघिय सरकारले प्राबिधिक र आर्थिक लगानी गर्ने गाउँपालिकासंग सहमति भएको छ । निर्माणको लागि लगानी यस बजेटमा राखिएको छैन । आयोजना निर्माण भएपछि संचालन ब्यवस्थापन | १ | १५०० | २६०,०००.०० |

| क्रियाकलाप | | | | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|---|
| | | | राम्रो बनाई खानेपानी सेवास्तर उन्नति गर्नको लागि लगानी यसै तालिकाको खण्ड "घ" मा प्रस्तुत छ ।) | | | |
| | | | संस्थाहरु (४ स्वास्थ्यसंस्था, १० विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | १४ | | ७,७००.०० |
| | | | | | | |
| २ | विद्यमान खानेपानी आयोजनाको सेवास्तर वृद्धि गरि उच्च स्तरमा पुराउने । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | | | | | |
| | | विद्यमान खानेपानी आयोजनालाई निजि धारा प्रणालीमा उच्च सेवा स्तरको निर्माण सुधार गर्ने | | | | |
| | | | पानीको परिमाण सेवा स्तर उच्च रहेका खानेपानी आयोजना (६ आयोजना, १६१ परिवार संख्या, २ स्वास्थ्य संस्था, ४ विद्यालय) | ६ | १६१ | १३,२०० |
| | | | संस्थाहरु (२ स्वास्थ्य संस्था, ४ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ६ | | ३,३०० |
| ३ | विद्यमान खानेपानी आयोजनाको सेवास्तर ब्रिद्धी गरि आधारभूत स्तरमा पुराउने । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | | | | | |
| | | विश्वसनीयता सेवास्तर आधारभूत भन्दा तल रहेका वा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेका मूल मुहान भएका विद्यमान आयोजनाहरुको साना मर्मत र मुख्य रुपमा संचालन ब्यबस्थापन र पानी सुरक्षा योजना ब्यबस्थापनमा सुधार गरि आधारभूत सेवास्तरमा स्तरउन्नति गर्ने । (१५ आयोजना, ७११ परिवार संख्या, ३ स्वास्थ्य संस्था, १६ विद्यालय) | | | १५ | ७११ | ८,१७२ |
| | | | संस्थाहरु (३ स्वास्थ्य संस्था, १६ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | १९ | | १०,४५० |

| | क्रियाकलाप | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|
| | आधारभूत भन्दा तल रहेका बाँकि विद्यमान आयोजनाहरुको सेवास्तर उन्नति निर्माण गरि आधारभूत स्तरमा पुराउने (० आयोजना) | ० | ० | ० |
| | संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय) \| यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य \| | ० | | ० |
| ४ | महाबु वृहत खानेपानी आयोजनामा पानी प्रोशोधन प्रणाली र अन्य आवश्यक संरचनाहरु निर्माण गरि मध्यम स्तर बाट उच्च स्तरमा पुराउनको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने \| यसको लागि कम्तिमा एक वर्ष सम्म श्रोतको पानीको परिमाणको मासिक रुपमा नाप र पानीको गुणस्तर मासिक रुपमा परिक्षण गरि स्लो-स्याण्ड प्रणाली वा अन्य उपयुक्त प्रशोधन प्रणालीको निर्माणको लागि तयारी गर्ने \| (१ आयोजना, १५०० घरपरिवार) | | | ५,००० |
| ५ | बजार वा घना वस्ती सम्भावना भएका वस्तीमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माण वा मध्यम स्तरका आयोजनामा थप संरचना निर्माण गरि उच्च स्तरमा पुराउनको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने \| यसका लागि कम्तिमा एक वर्ष सम्म श्रोतको पानीको परिमाणको मासिक रुपमा नाप र पानीको गुणस्तर मासिक रुपमा परिक्षण गरि डी.पी.आर. तयार गर्दा तथ्यांक विश्लेषण गरि प्रशोधन प्रणाली सहितको आयोजनाको डीपीआर तयार गर्ने \| (१० आयोजना, १००० घरपरिवार) | | | ५,००० |
| | जम्मा (क) | ५६ | ३६८४ | ४३४,७३२.०० |

## ख. दोश्रो कोसेढुंगा: सन् २०२६ देखि २०२८ सम्म (३ वर्ष) मा सबैलाई मध्यम स्तरको खानेपानी सेवा पुराउने |

| | क्रियाकलाप | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|
| १ | आधारभूत स्तरका खानेपानी आयोजनको स्तर उन्नति निर्माण गरि मध्यमस्तरको बनाउने (१५ आयोजना, ७११ घरपरिवार) \| (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | १५ | ७११ | ७५,७२० |
| २ | खानेपानीको सेवास्तर उन्नति गर्न बाँकि रहेका संस्थाहरुमा मध्यम स्तरको खानेपानी सेवा पुराउने (२ स्वास्थ्य संस्था, ४ विद्यालय) \| यस्ता | ६ | | ३,३०० |

| | क्रियाकलाप | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|
| | संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गरि मध्यम सेवा स्तरमा पुराउने । | | | |
| ३ | महाबु बृहत खानेपानी आयोजनामा पानी प्रोशोधन प्रणाली र अन्य आवश्यक संरचनाहरुको निर्माण गरि मध्यम स्तरबाट उच्चस्तरको खानेपानी सेवा शुरु गर्ने । यसको लागि स्लो-स्याण्ड प्रणाली वा अन्य उपयुक्त प्रशोधन प्रणालीको निर्माणको गर्ने । (१ आयोजना, १५०० घरपरिवार) । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | १ | १५०० | ७८,४०० |
| ४ | बजार वा घना वस्ती भएका वा सम्भावना भएका वस्तीमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माण वा मध्यम स्तरका आयोजनामा थप संरचनाहरु निर्माण कार्य गरि उच्च स्तरमा पुराउने । (१० आयोजना, १००० घरपरिवार) । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि) | १० | १००० | २०९,८०० |
| ५ | मध्यम सेवास्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (३ स्वास्थ्य संस्था, ७ विद्यालय) । यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने । | १० | | ३,५०० |
| ६ | मध्यम सेवास्तरका आयोजनाहरुमा संचालन ब्यबस्थापन कार्यबिधि कार्यान्वयनको लागि निरन्तर सहयोग, क्षमता अभिवृद्धि, अनुगमन तथा नियमन गरि उपभोक्ताहरुलाई निरन्तर मध्यमस्तरको खानेपानी सेवा पुराउने । (खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि लागत यसै तालिकाको खण्ड "घ" मा प्रस्तुत गरेको छ ।) | ४ | ३१२ | |
| ७ | उच्च सेवास्तरका आयोजनाहरुमा संचालन ब्यबस्थापन कार्यबिधि कार्यान्वयनको लागि सहयोग, क्षमता अभिवृद्धि, अनुगमन तथा नियमन गरि उपभोक्ताहरुलाई निरन्तर उच्च स्तरको खानेपानी सेवा पुराउने । (खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि लागत यसै तालिकाको खण्ड "घ" मा प्रस्तुत गरेको छ ।) | ६ | १६१ | |
| | जम्मा (ख) | ५२ | ३६८४ | ३७०,७२० |

## ग. तेश्रो कोसेढुंगा: सन् २०२९ देखि २०३० सम्म (२ वर्ष) मा सबैलाई उच्च स्तरको खानेपानी सेवा पुराउने ।

| | | क्रियाकलाप | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|
| १ | सबैलाई उच्चस्तरको खानेपानी सेवा पुराउने | | | | |
| | १.१ | मध्यम सेवा स्तरमा बाँकि रहेका आयोजनाहरुमा आवश्यक संरचना निर्माण र राम्रो संचलन तथा मर्मत सुधार ब्यबस्थापन गरि उच्च | १९ | १०२३ | ५५,३०० |

| क्रियाकलाप | | | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|
| | | स्तरमा पुराउने । (संचालन ब्यवस्थापन उच्च स्तरको बनाउनको लागि लागत अनुमान यस तालिकाको शीर्षक "घ" मा प्रस्तुत गरिएको छ) । (१४ आयोजना, ६९४ परिवार संख्या) | | | |
| | १.२ | मध्यम सेवास्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (६ स्वास्थ्य संस्था, ३५ विद्यालय) । यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने । | ४१ | | १४,३५० |
| | १.३ | उच्च सेवास्तरका आयोजनाहरुमा संचालन ब्यवस्थापन कार्यबिधि कार्यान्वयनको लागि सहयोग, क्षमता अभिवृद्धि, अनुगमन तथा नियमन गरि उपभोक्ताहरुलाई निरन्तर उच्च स्तरको खानेपानी सेवा पुराउने । (खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि लागत यसै तालिकाको खण्ड "घ" मा प्रस्तुत गरेको छ ।) | १७ | २६६१ | |
| | जम्मा (ग) | | ३६ | ३६८४ | ६९,६५० |
| | | | | | |
| जम्मा (क+ख+ग) | | | ३६ | ३६८४ | ८७५,१०२ |

## घ. खानेपानी आयोजनाको संचालन ब्यबस्थापन र खानेपानी रणनीति कार्यान्वयन गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धि कार्यक्रम: सन् २०२१ देखि २०३० सम्म (१० वर्ष)

| क्रियाकलाप | | | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|
| १ | खानेपानी आयोजनाको संचालन ब्यवस्थापन र खानेपानी रणनीति कार्यान्वयन गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम । सन् २०२१ देखि २०३० सम्मको अनुमानित लगानी । | | | | |
| | १.१ | गाउँपालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुमा खानेपानी सेवा संचालन ब्यवस्थापन कार्यविधि लागु गरि उच्च स्तरको खानेपानी सेवा उपभोक्ताहरुलाई उपलब्ध गराउन क्षमता अभिब्रिधि तथा सहकार्य कार्यक्रम । आयोजनाहरुमा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि आधारभुत स्तर देखि नै लागु गरि निरन्तरता दिने । | ३६ | ३६८४ | ७६,९२० |

| क्रियाकलाप | | | आयोजना/ संस्था संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|
| | १.२ | गाउँपालिकामा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरि संचालन गर्ने । खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला पहिलो वर्षमा स्थापना गर्ने । | | | ३२,००० |
| | १.३ | गाउँपालिकामा खानेपानी तथा सरसफाई शाखा स्थापना तथा संचालन । खानेपानी ईकाईलाई शाखाको रुपमा विस्तार गर्ने । | | | ४८,००० |
| | १.४ | गाउँपालिकामा खानेपानी तथा सरसफाई तथ्यांक ईकाई स्थापना गरि संचालन गर्ने । | | | 18,000 |
| | जम्मा (घ) | | | | १७४,९२० |
| | | | | | |
| कुल जम्मा (क+ख+ग+घ) | | | ३६ | ३६८४ | १,०५०,०२२ |

## ७.४ खानेपानी रणनीति सन् २०२१-२०३० बजेट प्रक्षेपण

महाबु गाउँपालिकाको खानेपानी रणनीतिको लक्ष्य, रणनीति तथा प्राथमिकता (परिच्छेद ४) अनुसार गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्न सन् २०२१ देखि सन् २०३० सम्मको कार्य योजना तयार गरेको छ (तालिका ४८)। उक्त कार्य योजना कार्यान्वयन गरि सन् २०३० सम्मको निर्धारित लक्ष्य हासिल गर्न देहाय बमोजिमको लागत प्रक्षेपण गरिएको छ (तालिका नं. ४९)। यस प्रक्षेपित् लागतमा मूल्य वृद्धि राखिएको छैन।

तालिका नं ४९: महाबु गाउँपालिकाको खानेपानी रणनीति सन् २०२१-२०३० कार्यान्वयन गर्न लाग्ने बार्षिक लागत प्रक्षेपण

| वर्ष (सन्) | वार्षिक लागत प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|
| | पहिलो कोसेढुंगा : ५ वर्ष, सन् २०२०-२०२५: लक्ष्य १: सबैलाई आधारभूत स्तरको खानेपानी सुबिधा सन् २०२५ सम्ममा पुराउने । | दोश्रो कोसेढुंगा : ३ वर्ष, सन् २०२६–२०२८: लक्ष्य २: सबैलाई मध्यम स्तरको खानेपानी सुबिधा सन् २०२८ सम्ममा पुराउने । | तेश्रो कोसेढुंगा : २ वर्ष, सन् २०२९ – २०३०: लक्ष्य ३: सबैलाई उच्च स्तरको खानेपानी सुबिधा सन् २०३० सम्ममा पुराउने । | जम्मा |
| २०२१ | १०४४३८.४ | | | १०४४३८.४ |
| २०२२ | १०४४३८.४ | | | १०४४३८.४ |
| २०२३ | १०४४३८.४ | | | १०४४३८.४ |
| २०२४ | १०४४३८.४ | | | १०४४३८.४ |
| २०२५ | १०४४३८.४ | | | १०४४३८.४ |
| २०२६ | | १४१०६५.३ | | १४१०६५.३ |

| | | | | |
|---|---|---|---|---|
| २०२७ | | १४१०६५.३ | | १४१०६५.३ |
| २०२८ | | १४१०६५.३ | | १४१०६५.३ |
| २०२९ | | | ५२३१७ | ५२३१७ |
| २०३० | | | ५२३१७ | ५२३१७ |
| कुल जम्मा | ५२२१९२ | ४२३१९६ | १०४६३४ | १०५००२२ |

## ७.५ श्रोत परिचालन रणनीति

खानेपानी रणनीति कार्यान्वयनको लागि सन् २०२१ देखि सन् २०३० सम्म १० वर्षमा रु. १,०५०,०२२,०००.०० लगानी अनुमान गरिएको छ | पहिलो पाँच वर्षमा लगानी वार्षिक रु. १०४,४३८,४००.०० अनुमान गरिएको छ, छैटौं-आठौ वर्षमा वार्षिक रु. १४१,०६५,३००.०० र नवौं र दशौं बर्षमा वार्षिक रु. ५२,३१७,०००.०० लगानी अनुमान गरिएको छ | (तालिका नं. ४९)

गाउँपालिकाको वार्षिक बजेट बिनियोजन गरे अनुसार आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाले एक वर्षको लागि रु. ११,५८१,००० खानेपानी, सरसफाई, लैंगिक तथा समावेशी र सम्बन्धित क्षेत्रमा लगानी गरेको देखिन्छ | यसका अतिरिक्त संघिय सरकार संगको साझेदारीमा गाउँपालिकाले महाबु बृहत खानेपानी आयोजना आ.व. २०७८/७९ देखि निर्माण शुरु गर्दैछ जसको लागि रु २६ करोड संघिय सकारको लगानी अनुमान गरिएको छ | यस आ.व.मा गाउँपालिकाले खानेपानी क्षेत्रमा गरेको लगानी, संघिय/ प्रदेश सरकार संगको सहकार्य र राष्ट्रिय /अन्तरराष्ट्रिय संघ संस्थाहरु संगको सहकार्य हेर्दा, यस खानेपानी रणनीतिक योजनाको लक्ष्य हासिल गर्न तथा रणनीति कार्यान्वयन गर्नको लागि गाउँपालिकाले यस्ता सहकार्यहरुको निरन्तरता दिई अझ प्रभाबकारी समन्वय, सहकार्य र ब्यबस्थापन गर्नुपर्ने देखिन्छ | तसर्थ, गाउँपालिकाले यस खानेपानी रणनीति कार्यान्वयन गर्न अनुमान गरिएको लगानीका लागि आगामी वर्षहरुमा नपुग बजेटको श्रोत परिचालनको लागि देहाय अनुसारका रणनीति अख्तियार गर्नेछ |

- संघिय सरकार संग अनुदान बढाउन पैरवी गर्ने |
- प्रदेश सरकार संग अनुदान बढाउन पैरवी गर्ने |
- संघिय सरकार संग रणनीति अनुसारका ठुला आयोजना निर्माणको लागि माग गर्ने |
- प्रदेश सरकार संग रणनीति अनुसारका ठुला आयोजना निर्माणको लागि माग गर्ने |
- अन्तरिक श्रोत विद्युत उत्पादन, जडिबुटी, खनिज, कर दस्तुर, शुल्क आदि बढाउने |
- विकास साझेदार तथा गैर सरकारी संस्थाहरुसंग साझेदारी र सहकार्य गर्ने |
- जनश्रमदान, स्थानीय श्रोत, स्थानीय निर्माण सामग्री आदिमा समुदायको योगदानमा वृद्धि गर्ने |
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम, अपांगता भएका व्यक्तिहरुको लागि खानेपानीको पहुँच पुराउने कार्यक्रम, र महिला / गरिब घरपरिवारको आय आर्जन वृद्धि गर्ने

कार्यक्रमको लागि संघिय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसंग साझेदारी गर्नको लागि खोज गर्ने |

## ८ परिच्छेद ८: अनुगमन र समिक्षा

यस खानेपानी रणनीति सन् २०२०-२०३० र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अनुगमन र समिक्षा गर्ने कार्य गाउँपालिकाले देहाय अनुसार गर्नेछ |

- वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले खानेपानी सेवास्तर उन्नति निर्माण कार्य कार्यन्वयन र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अनुगमन मासिक रुपमा गर्नेछ |
- पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले खानेपानी रणनीति कार्यन्वयन र खानेपानी सेवा सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यन्वयनको अनुगमन मासिक रुपमा गर्नेछ |
- प्रत्येक ६ महिनामा खानेपानी रणनीति कार्यन्वयनको अवस्था, खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यन्वयनको अवस्था र उपभोक्ता घरपरिवारहरुको खानेपानी सेवास्तर अबस्थाको तथ्यांक पुर्णरुपमा अध्यावधिक गरिनेछ | तथ्यांक अध्यावधिक असार र पौष महिनामा गरिने छ | पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले यस तथ्यांकको विश्लेषण र स्थलगत अनुगमन गरि अर्ध-वार्षिक रुपमा समिक्षा गर्नेछ |
- खानेपानी उपभोक्ता सन्तुष्टि सर्बेक्षण चैत्र देखि जेस्ठ महिना सम्ममा गरिनेछ | यस सर्भेक्षणबाट घरधुरी स्तरको खानेपानी सेवा स्तर अवस्थाको विस्लेषण गरिनेछ | घरधुरी स्तरको सन्तुष्टि सर्भेक्षण गर्दा दलित, जनजाती, अल्पसंख्यक वर्ग र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसारको खानेपानीको पहुँचको अवस्था समेत सर्भेक्षण गरिनेछ | साथै पहिचान भएका अति विपन्न घरपरिवारहरुको आयआर्जन वृद्धि गर्न खानेपानी आयोजनाले गरेको सहयोग र समन्वयका कार्यक्रमहरुबाट आय आर्जनमा भएको वृद्धि अवस्थाको समेत सर्भेक्षण गरिनेछ | पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले यस तथ्यांकको विश्लेषण र समिक्षा वार्षिक रुपमा गर्नेछ |
- खानेपानी रणनीति कार्यन्वयन र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यन्वयन अबस्थाको अनुगमन, समिक्षा र निर्णय प्रत्येक वर्ष श्रावण- भद्र र माघमा महिनामा गाउँपालिकाको कार्य पालिकाले गर्नेछ | आयोजना तथा घरधुरी स्तरको खानेपानी सेवास्तर अबस्थाको तथ्यांक अद्यावधिक गरि सूचक अनुसारको अवस्था विश्लेषण गरि कार्यपालिकाले अनुगमन, समिक्षा तथा निर्णय गर्नेछ | कार्यपालिकाले खानेपानी रणनीतिक योजनाको कार्यान्वयन लक्ष्य प्राप्त उन्मुख भए नभएको अनुगमन तथा समिक्षा गरि आगामी कार्यदिशा निर्दिष्ट गर्नेछ |
- आयोजनाको खानेपानी सेवास्तर सुधार अबस्था गाउँपालिकाको वेबसाइटमा राखी सार्वजनिक गरिनेछ |

यस खानेपानी रणनीति कार्यान्वयनको अनुगमन तथा समिक्षाको सारांस देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ | (तालिका नं. ५०)

तालिका नं ५०: खानेपानी रणनीति कार्यन्वयन अनुगमन तथा समिक्षा तालिका

| पालिकाको अनुगमन गर्ने तह | कसले गर्ने ? | किन गर्ने? | कसरि गर्ने ? | कहिले गर्ने ? |
|---|---|---|---|---|
| वडा तह | वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति | खानेपानी रणनीति कार्यन्वयन र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अनुगमन, समिक्षा, सुझाव गर्न, साथै समावेशी निर्णय प्रक्रियाको अवस्था अनुगमन तथा मुल्यांकन गर्न। साथै दलित, जनजाती, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसारको खानेपानीमा पहुँच अवस्थाको अनुगमन तथा मुल्यांकन गर्न। | आयोजनाको स्थलगत अनुगमन | मासिक रुपमा |
| पालिका तह | पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति | खानेपानी रणनीति कार्यन्वयन र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अनुगमन, समिक्षा, सुझाव गर्न | आयोजनाको स्थलगत अनुगमन | मासिक रुपमा |
| | | खानेपानी आयोजनाहरुको सेवास्तर उन्नति अनुगमन र समिक्षा गर्न। साथै दलित, जनजाती, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसारको खानेपानीमा पहुँच अवस्थाको अनुगमन र समिक्षा गर्न। | तथ्यांक संकलन, पानीको गुणस्तर परिक्षण, सेवा स्तर विश्लेषण, आदि (तथ्यांक युनिट, पानी परिक्षण प्रयोगशाला र खानेपानी ईकाई/शाखाद्वारा) | तथ्यांक अध्यावधिक असार र पौष महिनामा गरिने छ (प्रत्येक ६ महिनामा) |
| | | घरपरिवारहरुको खानेपानी सेवास्तर अवस्थाको अनुगमन गर्न उपभोक्ता सन्तुष्टि सर्भेक्षण गरिनेछ।<br><br>उपभोक्ता सन्तुष्टि सर्भेक्षण गर्दा दलित, जनजाती, अल्पसंख्यक वर्ग र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसारको खानेपानीमा पहुँच अवस्थाको समेत सर्भेक्षण गरिनेछ। | खानेपानी उपभोक्ता सन्तुष्टि सर्भेक्षण गर्ने | प्रत्येक वर्ष चैत्र देखि जेस्ठ महिना सम्ममा गरिनेछ। |

| पालिकाको अनुगमन गर्ने तह | कसले गर्ने ? | किन गर्ने? | कसरि गर्ने ? | कहिले गर्ने ? |
|---|---|---|---|---|
| | | साथै पहिचान भएका अति विपन्न घर परिवारहरुको आयआर्जन वृद्धि गर्न खानेपानी आयोजनाले गरेको सहयोग तथा समन्वयका कार्यक्रमबाट आयआर्जनमा भएको वृद्धि अवस्थाको समेत सर्भेक्षण गरिनेछ। | | |
| पालिका तह | गाउँ कार्यपालिका | खानेपानी रणनीति कार्यन्वयन र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यन्वयन अबस्थाको अनुगमन, समिक्षा र आबश्यक निर्णय गर्नेछ। खानेपानी रणनीतिक योजनाको कार्यान्वयन लक्ष्य प्राप्त उन्मुख भए नभएको अनुगमन तथा समिक्षा गरि आगामी कार्यदिशा निर्दिष्ट गर्नेछ। | आयोजना तथा घरधुरी स्तरको खानेपानी सेवा स्तर अबस्थाको तथ्यांक अद्यावधिक तथा सूचक अनुसारको अवस्था विश्लेषण गरि कार्य पालिकाले अनुगमन, समिक्षा र निर्णय गर्नेछ। | प्रत्येक वर्ष श्रावण- भाद्र र माघमा महिनामा |